
# समाहित शिक्षा र बालमैत्री विद्यालय

## Tool kit for Inclusive Education and Child Friendly School

(विद्यालय सहयोगी सामग्री)



**प्रकाशक :**
नेपाल सरकार
शिक्षा विभाग
शिक्षा तथा खेलकुद मन्त्रालय
समाहित शिक्षा शाखा
सानो ठिमी, भक्तपुर

**सर्वाधिकार :**
समाहित शिक्षा शाखा
सानो ठिमी,भक्तपुर
© 2063

**सल्लाहकार :**
श्री जनार्दन नेपाल
श्री विष्णु देवकोटा
श्री लिज मोजले
श्री इन्दिरा कोईराला
श्री तपराज पन्त

**लेखक समूह :**
डा. वासुदेव काफ्ले
श्री अरूण कुमार तिवारी
श्री गणेश प्रसाद पौडेल
श्री हरिराम पन्त

**सम्पादन :**
डा. वासुदेव काफ्ले
श्री रूद्र प्रसाद भट्टराइ

**लेआउट डिजाइन :**
डिजाइन भेन्जर

**पुन प्रकासन :**
शाक्य अफसेट प्रेस प्रा. लि.
जोरगणेश, ओमबहाल, काठमाडौँ

ISBN: 978-9937-8177-1-4

# मन्तब्य

नेपाल सरकार, शिक्षा तथा खेलकुद मन्त्रालय सबै बालबालिकाहरूका लागि शिक्षाको पहुँच सुनिश्चित गरी गुणात्मक शिक्षा अभिबृद्धि गर्न बिभिन्न किसिमका नीति, कार्यनीतिका आधारमा कार्यक्रमहरूको छनोट तथा तिनको कार्यान्वयनमा जुटेको छ । हाम्रा आफ्नै भौगलिक बिशिष्टता, बहुसांस्कृतिक एवं सामाजिक मूल्य मान्यता, तथा बिबिध धार्मिक तथा जातजाति / जनजातिका बीचमा अवस्थित विद्यालयलाई सबै बालबालिकाका लागि अनुकुल बनाउनका लागि समाहित शिक्षालाई महत्वपूर्ण रणनीतिका रूपमा लिईएको छ । समाहित शिक्षाले अपेक्षा गरे जस्तै विद्यालयको सेवा क्षेत्र भित्र रहेका सबै बालबालिकाले आफ्नो क्षमता, गति र रूचि अनुसार सिक्न सक्ने भएकाले विद्यालयको पहिलो दायित्व सबै बालबालिकाहरूलाई विद्यालय सदस्यको रूपमा स्वीकार गर्नु पर्दछ ।

बालबालिकाको सिक्न सक्ने अधिकारलाई संरक्षण गर्दै उनीहरूमा रहेका वैयक्तिक भिन्नतालाई स्वीकार एवं सम्मान गर्दै तिनलाई सम्बोधन गर्ने सिकाई संस्कृतिको बिकास गर्न नसकेसम्म देशले अपेक्षा गरेको सबै बालबालिकाहरूका लागि अनुकुल शिक्षा सम्भव हुदैन । बालबालिका अनुकुलको सिकाई वातावरण तयार गर्ने शिलशिलामा विद्यालयले अपनाउनु पर्ने सजगता, योजनामा समाबेश गर्नुपर्ने विषयवस्तु, कार्यक्रम कार्यान्वयनमा हुनुपर्ने स्थानिय सुमदायको स्वामित्व र सहभागिता, र सबैले अपनत्व महशुस गर्ने कुनै पनि भेदभाव रहित स्वागत योग्य बिद्यालय वातावरण बिकास गर्नको लागि सघाउ पुऱ्याउने हेतुले तयार गरिएको समाहित शिक्षा सम्बन्धी यो सहयोगी सामग्री उपयोगी हुनेछ भन्ने विश्वास लिएको छु ।

यस सहयोगी सामग्रीको उत्पादनका लागि यूनेस्को काठमाण्डौंबाट प्राप्त प्राविधिक तथा आर्थिक सहयोग प्रशंसनीय छ । विशेषतः यूनेस्को काठमाण्डौंका कार्यक्रम अधिकृत श्री तपराज पन्तले पुऱ्याउनु भएको योगदानको म कदर गर्न चाहन्छु । प्रस्तुत सामग्रीलाई यो रूपमा प्रस्तुत गर्न प्रत्यक्ष संलग्नता, सहयोग र निर्देशन दिनुहुने विभागकै निर्देशक श्री विष्णु कुमार देवकोटालाई विशेष धन्यवाद दिन चाहन्छु । साथै सहयोगी सामग्रीको तैयारी र उत्पादनमा यूनेस्को काठमाण्डौंका तर्फबाट सल्लाहकारको रूपमा कार्य गर्नुहुने श्री लिज मोजले र श्री इन्दिरा कोइरालाको सहयोगको प्रशंसा नगरि रहन सक्दिन । यसरी नै समाहित शिक्षा र बालमैत्री बिद्यालयसंग सम्बन्धित यस सहयोगी सामग्रीको लेखन कार्यमा संलग्न हुनु भएका श्री अरूण तिवारी, श्री गणेश पौडेल, श्री हरिराम पन्त र डा. वासुदेव काफ्लेलाई वहाँहरूको परिश्रमका लागि विभाग हार्दिक कृतज्ञता ज्ञापन गर्दछ ।

विद्यालय सहयोगी सामग्रीको रूपमा रहेको यसको मस्यौदाको प्रवोधिकरण र परिमार्जनका लागि आयोजित केन्द्रिय कार्यशाला गोष्ठीमा भाग लिई आफ्ना अमूल्य सुझाव र प्रतिक्रिया द्वारा यस सामग्रीलाई परिमार्जन गर्न सहयोगी विभिन्न संघसंस्थाका प्रतिनिधिहरूलाई विभाग हार्दिक धन्यवाद दिन चाहन्छ ।

अन्तमा, विद्यालयलाई समाहित र बालमैत्रीं बनाउन यो सामग्री उपयोगी हुन सक्ने कुरामा विभाग विश्वस्त छ ।

जनार्दन नेपाल
महानिर्देशक

# बिद्यालय सहयोगी सामग्रीको (Toolkit) प्रयोग कसरी गर्ने ?

नेपालमा समाहित शिक्षाको बिकास र विस्तारका लागि सहयोग पुऱ्याउने उद्देश्यले यो **बिद्यालयका लागि सहयोगी सामग्री** तयार गरिएको छ । समाहित शिक्षाका लागि समर्पित सबैलाई यसले सहयोग पुऱ्याउने नै छ तर पनि यो सामग्री बिशेष गरेर बिद्यालयलाई केन्द्रबिन्दु मानेर तयार गरिएको छ । यसमा रहेका सामग्रीले समाहित शिक्षाको अवधारणा देखि लिएर बिद्यालयलाई सबै किसिमका बालबालिका अनुकुल कसरी बनाउने भन्ने कुरामा सहयोग पुऱ्याउने विशिष्ट बुँदाहरूलाई समेटेका छन् । यसको प्रयोगबाट देहाय बमोजिमको उपलब्धि हुने अपेक्षा गरिएको छ :

- समाहित शिक्षाका अवधारणासँग परिचित हुन
- विद्यालयलाई समाहित शिक्षा अनुकुल बनाउन बिद्यालय योजनामा समावेश हुने बिषयहरूको पहिचान गर्न
- बिद्यालयमा विविध कारणबाट हुने गरेका विभेदजन्य व्यवहारलाई निरूत्साहित गर्न
- स्थानीय स्तरमा शिक्षाको पहुँचभन्दा बाहिर परेको वर्गको पहिचान गर्न सहयोग पुग्ने
- सबैको लागि अनुकुल बालमैत्री बिद्यालय बनाउन सहयोग पुग्ने
- बिद्यालय वातावरणलाई समाहित शिक्षाको आशय अनुसार पुनसंरचना गर्न
- समाहित बिद्यालय प्रति सामुदायिक स्वामित्वको भावना जगाउन

## सामग्रीको प्रयोग

- यो सामग्री बिद्यालयमा एक/एक सेट उपलब्ध हुनेछ ।
- यसमा समाविष्ट बिषयहरू समाहित शिक्षाका महत्वपूर्ण बिषय भएको हुनाले यसको प्रयोग गर्दा तिनलाई बढि जोड दिनु पर्दछ ।
- यस सामग्रीको प्रयोग बिद्यालय परिवारसंग सम्बद्ध प्र.अ., शिक्षक, वि.व्य.स, अभिभावक शिक्षक संघ, समुदाय र समाहित शिक्षाबारे चासो राख्ने अन्य व्यक्तिहरू र निकायहरूले गर्न सक्छन् ।
- समाहित शिक्षाका विभिन्न पक्षलाई समेटेर यस सामग्रीको निर्माण गरिएकोले यसको उपयोग गर्दा सम्बन्धित सन्दर्भहरूलाई उदाहरणका रूपमा प्रस्तुत गर्नु पर्दछ ।
- यस सामग्रीको केन्द्रविन्दु समाहित शिक्षा र बालमैत्रीं बिद्यालय भएकाले सबै बिषयवस्तुलाई एकीकृत रूपमा सम्बोधन गरिएको छ । त्यसैले यस सामग्रीका बिषयवस्तुलाई यौटै पुस्तकमा विभिन्न खण्डमा प्रस्तुत गरिएको छ ।
- समाहित शिक्षा र बालमैत्री बिद्यालयले बिद्यालय शिक्षाका बहुपक्षीय बिषयबस्तुको संयोजन र समायोजन गर्ने भएकाले यस सामग्रीको प्रयोग गर्दा "संयोजन र समायोजन" को सिद्धान्तलाई सँगसँगै बिद्यालयीय वातावरण र व्यवहारमा उतार्नुपर्दछ ।
- समाहित शिक्षामा संयोजन र समायोजन भन्नाले बिद्यालय परिवार, समुदाय, जि.शि.का आदि बीचको पारस्परिक सहयोग र सहकार्य हो भन्ने बुझिन्छ । समायोजनका लागि बिद्यमान बिद्यालयीय बातावरणमा हेरफेर, कक्षा व्यवस्थापनमा नवीनता, पाठ्यवस्तुको पुनसंरचना जस्ता कुरा यस सामग्रीको प्रयोगकर्ताले ध्यानमा राख्नु पर्दछ ।

**विषयसूची** **पेज नं.**


| | |
|---|---|
| खण्ड १: समाहित शिक्षा र नेपालको सन्दर्भ | १ |
| खण्ड २: शैक्षिक अवसरबाट बञ्चित बालबालिका | ५ |
| खण्ड ३: सबैका लागि बिद्यालय | २३ |
| खण्ड ४: समाहित शिक्षा र अर्थपूर्ण सिकाई | ३७ |
| खण्ड ५: शैक्षिक लेखाजोखा तथा समाहित पाठ्यक्रम | ४५ |
| खण्ड ६: समाहित बिद्यालय : योजना तथा व्यवस्थापन | ५१ |

# खण्ड १ : समाहित शिक्षा र नेपालको सन्दर्भ



## समाहित शिक्षा – सबैका लागि अनुकुल शिक्षा

- **समाहित शिक्षा के हो ?**
- **नेपालको सन्दर्भमा समाहित शिक्षा**

# समाहित शिक्षा के हो ?




**समाहित शिक्षाले निम्नलिखित धारणाहरूलाई बुझाउँछः**

- यो सबै बालबालिकाको शिक्षा प्राप्त गर्ने अधिकारको संरक्षक सिद्धान्त हो,
- यसले सबै बालबालिकाले सिक्न सक्दछन् भन्ने मान्यतामा विश्वास राख्दछ,
- यसले विद्यालय सेवाक्षेत्रभित्र रहेका सबै किसिमका बालबालिकाका लागि अनुकूल  विद्यालयवातावरणको विकासमा जोड दिन्छ,
- यसले बालबालिकामा रहेका भिन्नतालाई सम्मान गर्दै उनीहरुलाई अर्थपूर्ण सिकाइ प्रक्रियामा सहभागी बनाउँछ,
- यसले शैक्षिक संरचना, प्रणाली र प्रक्रियालाई सबै बालबालिकाका आवश्यकता सुहाउँदो बनाउनुपर्छ भन्ने मान्यता राख्दछ,
- यो समानान्तर शैक्षिक कार्यक्रम नभएर विद्यमान शैक्षिक कार्यक्रमहरुलाई नै सबैका लागि अनुकूल बनाउने सुधार प्रक्रिया हो,
- यसले बालबालिकालाई के पढाउनेभन्दा पनि उनीहरूले के र कसरी सिक्न सक्दछन् भन्नेसम्बन्धमा ज्यादा चासो राख्दछ,
- यसले बालबालिकाको आत्म निर्णयको अधिकारलाई मान्यता दिदै त्यसको सम्मान गर्दछ,
- यसले भौतिक, प्राविधिक, सङ्गठनात्मक, वैचारिक र प्रवृत्तिगत परिवर्तनको कुरा गर्दछ,
- यसले विद्यार्थीको अन्तर्निहित प्रतिभा प्रस्फुटन गर्न सहयोग पुऱ्याउने आकर्षक र अनुकूल कक्षाकोठा व्यवस्थापनको अपेक्षा गर्दछ,
- यो सबैका आवश्यकताप्रति संवेदनशील हुने भएकाले विद्यार्थीहरुलाई आवश्यकता अनुसार थप सहयोग र सुविधा उपलब्ध गराउने कुरामा विश्वास गर्दछ ।
- यसले विद्यार्थीको नियमित लेखाजोखा गरी बालकेन्द्रित शिक्षण विधिबाट उनीहरुको अध्ययनलाई निरन्तरता दिन अनुकूल वातावरण सिर्जना गर्दछ । साथै सिकाइका लागि थप सम्भावनाहरुको खोजी गर्दछ ।

# नेपालको सन्दर्भमा समाहित शिक्षा

समाहित शिक्षालाई नेपालको सन्दर्भमा नयाँ अवधारणाका रूपमा लिइन्छ। यसलाई सन् १९९४ मा स्पेनको सालामाङ्कामा भएको विशेष आवश्यकता शिक्षा सम्मेलनमा घोषित "सबैका लागि शिक्षा" भन्ने लक्ष्य प्राप्तिका लागि (समाहित शिक्षा) महत्वपूर्ण रणनीतिका रुपमा अगाडि ल्याइएको छ । हाल सञ्चालनमा रहेका सबै जसो कार्यक्रमहरूले समाहित शिक्षालाई समग्र कार्यक्रम सञ्चालन पद्धतिका रुपमा व्याख्या गरेको पाइन्छ। समाहित शिक्षालाई हाम्रो परिवेशमा नै परिभाषित गर्नुपर्दछ भन्ने मान्यता अनुसार शिक्षा विभागद्वारा सरोकारवालाहरुको सहभागितामा २०६० साल फाल्गुणमा यसरी परिभाषित गरिएको छ :

समाहित शिक्षा भन्नाले सबै बालबालिकाहरुका लागि विभेद रहित वातावरणमा बहु सांस्कृतिक भिन्नतालाई सम्मान गर्ने, आफ्नै समुदायमा जीवनोपयोगी शिक्षा प्राप्त गर्ने अधिकारलाई सुनिश्चित गर्ने शैक्षिक पद्धतिको विकास प्रक्रिया बुझ्नु पर्दछ। यसले विद्यालयमा समुदायको स्वामित्वलाई महत्व दिँदै बालबालिकाका आवश्यकता अनुकूल उपयुक्त वातावरण र सहयोग पाएमा सबैले सिक्न सक्दछन् भन्ने मान्यतामा विश्वास गर्दछ।

समाहित शिक्षा पद्धतिले राष्ट्रिय एवं स्थानीय तहमा कुनै पनि परिस्थितिजन्य कारणले शैक्षिक अवसरबाट वञ्चित रहेका एवं विद्यालयमा रहेर पनि आवश्यकता अनुकूल उपयुक्त वातावरण र सहयोगको अभावमा विद्यालय छाड्ने खतरामा परेका बालबालिकाको पहिचान गर्नुका साथै सम्पूर्ण बालबालिकाका सामाजिक, सांस्कृतिक र शैक्षिक आवश्यकतालाई पूरा गर्ने बालकेन्द्रित शिक्षणसिकाइ प्रक्रिया अवलम्वन गर्न प्रोत्साहन गर्दछ।



**हाल राष्ट्रिय स्तरमा पहिचान गरिएका प्रमुख लक्षित समूह :**

- बालिका/महिला
- अपाङग बालबालिका,
- दलित बालबालिका,
- जनजाति बालबालिका,
- सडक बालबालिका,
- द्वन्द्व पीडित बालबालिका,
- बेचविखन तथा यौन शोषणबाट पीडित बालबालिका,
- गरिबीले समस्या ग्रस्त बालबालिका,
- कमैया तथा बधुँवा मजदुर बालबालिका,
- जेलमा रहेका बालबालिका,
- असहाय/अनाथ बालबालिका,
- रोगग्रस्त बालबालिका जस्तै HIV/AIDS, कुष्ठरोग, क्षयरोग आदि,
- गुम्बा मदरसामा पढिरहेका तथा भाषिक अल्पसङ्ख्यक बालबालिका,
- श्रमिक बालबालिका, आदि।

## उल्लिखित परिभाषाले

राष्ट्रिय स्तरमा समेटेका थप सहयोग उपलब्ध गराउनु पर्ने वर्ग बाहेक पनि स्थानीय परिवेशमा अरू थप वर्गहरु पहिचान हुन सक्दछन् भन्ने सङ्केत गर्दछ । किनकि आवश्यकता अनुसार यो परिमार्जन हुँदै जान्छ। आज एउटा वर्ग वा समूहले वञ्चितिकरणको समस्या भोगिरहेको छ भने भोलि सो वर्ग वा समूह परिवर्तन हुन सक्दछ र नयाँ वर्ग वा समूहलाई थप सहयोगको आवश्यकता पर्न सक्छ।

## समाहित शिक्षाका मूलभुत मान्यताहरू

- सबै बालबालिकाले आफ्नै समुदायमा शिक्षा पाउने अधिकारलाई स्वीकार गर्दछ,
- सबै बालबालिकाले सिक्न सक्दछन् भन्ने स्वीकार गर्दछ,
- समुदायमा आधारित स्थानीय संलग्नता र स्वामित्व बढाउन प्रेरणा दिन्छ,
- बालबालिकामा भएका विभिन्नता (लिङ्ग, जात, जाति, भाषा, धर्म, अपाङ्गता आदिलाई सम्मान गर्दछ,
- शैक्षिक संरचना, प्रणाली र प्रक्रिया सबै किसिमका बालबालिकाका आवश्यकता सुहाउँदो बनाउनु पर्दछ भन्ने मान्यता राख्दछ,
- यो एक गतिशील प्रक्रिया हो जुन लगातार परिमार्जन भैरहन्छ।

# खण्ड २ : शैक्षिक अवसरबाट बञ्चित बालबालिका



## समाहित शिक्षा – सबैका लागि अनुकुल शिक्षा

- बालिका
- दलित बालबालिका
- जनजाति तथा अन्य भाषा समूहका बालबालिका
- गरिबीका कारण छुटेका बालबालिका
- अपाङ्ग बालबालिका

# शैक्षिक अवसरबाट वञ्चित बालबालिका

नेपालमा धेरै समुदायका बालबालिकाहरु शिक्षा प्राप्त गर्ने अवसरबाट वञ्चित रहेको पाइन्छ । यस्ता समुदायका बालबालिकाहरु ठूलै सङ्ख्यामा अझै पनि विद्यालयमा आउन सकिरहेका छैनन् भने अर्कातर्फ कतिपय बालबालिका विद्यालयमा आएता पनि उनीहरूले अर्थपूर्ण सिकाइमा सहभागिता जनाउन सकिरहेका छैनन् । यसरी शैक्षिक अवसरबाट वञ्चित केही प्रमुख वर्गका बालबालिका बारे संक्षिप्त चर्चा गरिएकोछ :



## (क) बालिका (छात्रा)

### बालिकाका सन्दर्भमा हामीले विद्यालयमा महसुस गरेका कुराहरू

- छात्रभन्दा कमजोररूपमा प्रस्तुत गरिरहने,
- विद्यालय/कक्षाकोठा सफा गर्न सँधै छात्रालाई मात्र लगाइरहने,
- छात्राहरुलाई अलग्गै छुट्ट्याएर राख्ने,
- सबै क्रियाकलापमा छात्राहरुले भाग लिए नलिएकाबारे वास्ता नगर्ने,
- छात्राहरुको सङ्ख्या बढी भएको विद्यालयलाई कन्या विद्यालय नामाकरण गर्ने,
- बौद्धिक क्रियाकलाप एवं अतिरिक्त क्रियाकलापमा छात्रहरुको तुलनामा छात्रालाई कम अवसर दिने,
- छात्र छात्राले प्रयोग गर्ने शौचालय एउटै भएकाले छात्राले प्रयोग गर्न असजिलो हुने,
- छात्रा भएर बढी बोल्ने होइन भन्दै आफ्ना कुराहरु राख्न निरूत्साहित गर्ने आदि ।



## हाम्रो आफ्नै सामाजिक

परिवेशमा हुर्किएका उल्लिखित गलत प्रवृत्तिले पारेको प्रभावलाई न्यून गर्दै सबै छात्राका लागि अनुकूल विद्यालय वातावरण तयार गर्न देहायका पक्षमा ध्यान पुऱ्याउनु पर्दछ :

- छोरीलाई पढाउँदा हुने फाइदा र नपढाउँदा पर्ने नकारात्मक असरबारे अभिभावकहरूसँग छलफल, अन्तरक्रिया गर्ने, रायसल्लाह एवं परामर्श उपलब्ध गराउने,
- विद्यालयमा छात्राहरूका लागि उत्पन्न हुनसक्ने समस्याको पहिचान र सो को निराकरणका लागि विद्यालय योजना तयार गर्ने,
- विद्यालय वातावरण एवं कक्षाकोठामा छात्राहरुको समान सहभागिता, उपयुक्त सिकाइको वातावरणलाई सुनिश्चित गर्ने,
- छात्रछात्राहरुलाई समान सिकाइ वातावरण तयार गर्न बालबालिकाहरुको मिश्रित समूह
तयार गरी जिम्मेवारी बाँडफाँड गर्ने,
- विद्यालयको भौतिक संरचना एवं सुविधामा छात्राहरुको पहुँच सुनिश्चित गर्ने (जस्तैः बेग्लै शौचालयको व्यवस्था गर्ने आदि ।
- छात्राहरुले प्राप्त गरेका विशेष उल्लेखनीय सफलतालाई प्रचारप्रसार गर्ने,
- विद्यालयमा सञ्चालन गरिने अतिरिक्त क्रियाकलापहरुमा छात्राहरुको सहभागिता सुनिश्चित गर्ने,
- विद्यालयमा छात्रालाई कमजोर बनाउने किसिमका कथनहरु लगायतका विभेदजन्य व्यवहार निषेधित गर्ने आदि ।



## (ख) दलित बालबालिकाहरु

दलित बालबालिकाहरुको ठूलो सङ्ख्या विद्यालय आउन सकेको छैन। विद्यालयमा आएका बालबालिका पनि आफूले विद्यालयमा अनुकूल वातावरण नपाउँदा पढ्न छाड्छन्। कक्षामा पनि उनीहरु पछिल्तिर बसेको पाइन्छ। कतिपयले त आफूहरु अन्य विद्यार्थी सरह सक्षम नभएको ठान्छन्। शिक्षकहरुद्वारा वैयक्तिक समस्यालाई ध्यान दिएर आत्मबल बढाउने व्यवहार प्राप्त गर्न सकेका हुँदैनन्। यस्तो परिप्रेक्षमा दलित बालबालिकाहरुकालागि देहाय अनुसार थप सहयोग उपलब्ध गराउनु उपयुक्तहुने देखिन्छ :

- बालबालिकाका अभिभावकहरुलाई शिक्षाबाट हुने लाभबारे विभिन्न कार्यक्रम मार्फत् जानकारी गराउने,
- बालबालिकाको परिवारसँग नियमित कुराकानी, छलफल गर्ने वातावरण तयार गर्ने,
- विद्यालयका योजनामा दलित बालबालिकाको आत्मसम्मान अभिवृद्धि गराउने कार्यक्रमहरु समावेश गर्ने,
- दलित बालाबालिकाहरुलाई विद्यालयमा सहज/अनुकूल वातावरण सिर्जना गर्ने एवं विद्यालयका हरेक क्रियाकलापमा सहभागि गराउने,
- दलित विद्यार्थीहरूका लागि शिक्षणसिकाइ क्रियाकलापमा आवश्यकता अनुसार थप सहयोग उपलब्ध गराउने,
- विद्यार्थी कारणबस कुनै दिन विद्यालयमा उपस्थित हुन नसकी पाठ छुट्न गएमा अतिरिक्त सहयोगको व्यवस्था गर्ने,
- विद्यालयमा दण्ड, सजाय र भयमुक्त वातावरणको सिर्जना गरी बालमैत्रीयुक्त सिकाइ व्यवस्थापन गर्ने,
- विभिन्न क्रियाकलापमा सरिक गराउने र अन्य सकारात्मक विकल्पको खोजी गर्ने,
- विद्यालयका विविध क्रियाकलाप र कक्षाकोठाभित्र दलित विद्यार्थीहरुको सहभागिता र जिम्मेवारी सुनिश्चित गर्ने गरी समूह निर्माण र कार्य व्यवस्थापन मिलाउने,
- दलित बालबालिकाका लागि विभेद महसुस हुने शब्दावलीको प्रयोग तथा त्यस्ता व्यवहारमा रोक लगाउने,
- विद्यालयको योजना छनोटदेखि कार्यान्वयन तहसम्म दलित समुदायको आवाज समेट्ने संयन्त्रको विकास गर्ने,
- विद्यार्थीले प्राप्त गरेका उपलब्धिलाई अन्य पाठ शिक्षण गर्दा प्रयोग गर्ने, आदि।




## ग) जनजाति अनि अन्य भाषा समुहका बालबालिकाहरु

कतिपय जनजाति तथा नेपाली बाहेकका अन्य भाषासमूहका बालबालिकाहरु गरिब समुदाय र विकासको मूल धारमा नसमेटिएका समुदायबाट आएका हुन्छन् । उनीहरुको आ-आफ्नै सांस्कृतिक मूल्य र मान्यता हुन्छ । विद्यालयमा नेपाली भाषामा पढाइ हुने भएकाले पनि उनीहरुका निम्ति सिकाइ कठिन भएको पाइन्छ । यस अवस्थामा सबैका लागि अनुकूल समाहित शिक्षाको व्यवस्थाका लागि विद्यालयमा देहाय अनुसार व्यवस्था गरिँदा उनीहरूलाई आफ्नो मातृभाषामा शिक्षा प्राप्तिको अवसर प्राप्त हुनसक्ने देखिन्छ :

- विद्यालयमा स्थानीय जनजाति तथा भाषा भाषीको संस्कृति झल्किने किसिमका कोटेशन तथा चित्रहरु राख्ने व्यवस्था मिलाउने,
- सबै समुदाय र संस्कृतिलाई उत्तिकै महत्व दिइ सबै बालबालिकालाई स्वागत गर्ने नीति अवलम्वन गर्ने,
- स्थानीय भाषा प्रयोगको सुव्यवस्था गर्ने,
- सबै जनजाति एवं सांस्कृतिक पृष्ठभूमिबाट आएका विद्यार्थीको संस्कृति झल्किने गरी विभिन्न क्रियाकलापको आयोजना गर्ने,
- भाषा नबुझेकै कारणबाट समस्या भोगिरहेका विद्यार्थीको पहिचान र सहयोग संयन्त्रको व्यवस्था गर्ने,
- विद्यालयीय योजनाको तयारीदेखि कार्यान्वयन तहसम्म जनजाति एवं स्थानीय समुदायको आवाज समेट्ने संयन्त्रको विकास गर्ने,



## घ) गरिबीका कारण छुटेका बालबालिकाहरू

नेपालमा बालबालिकाहरुले पढ्ने भन्दा काम गर्न सघाउनुपर्दछ भन्ने सोचाइ राख्ने अभिभावकहरु थुप्रै भेटिन्छन् । प्राथमिक शिक्षा निःशुल्क भएतापनि पढ्नलाई लाग्ने अन्य सामग्री जस्तै विद्यालय पोसाक, किताब-कापी आदिको खर्च बेहोर्न सकिन्न भन्ने सम्झिइन्छ । यस्तो गरिबीको पृष्ठभूमिबाट आएका बालबालिकाहरु स्वयं लज्जित भएको अनुभव गर्छन् । हुन पनि उनीहरूसँग अन्य बालबालिकासँग हुने गरेका पठनपाठनका सर सामग्री पाइँदैनन् । विद्यालय यस्ता बालबालिकाहरुका लागि देहाय बमोजिमको थप सहयोग उपलब्ध गराउन कटिबद्ध हुनुपर्दछ :

- अभिभावकसँग भेटघाट, छलफल गरी गरिबी हटाउने माध्यमको रूपमा शिक्षालाई लिन परामर्श सेवा प्रदान गर्ने,
- गरिव विद्यार्थीहरुका लागि छात्रवृत्ति तथा अन्य सहयोगको व्यवस्था मिलाउने,
- विद्यार्थीले विद्यालय छोड्नासाथ वा ऊ विद्यालयमा लामो समयसम्म अनुपस्थित हुनासाथ अभिभावकसँग भेटघाट, समस्या पहिचान र सो को निराकरणको लागि पहल गर्ने,
- आयमूलक कार्यक्रम सञ्चालन गर्ने सङ्घसंस्थाका स्थानीयनिकायहरू, गा.वि.स./न.पा. वा अन्य निकायसँग समन्वय गरी विद्यार्थीहरूको गरिबी न्यूनिकरण तथा अध्ययनलाई प्रोत्साहित गर्ने,
- विद्यालयमा पर्याप्त समय दिन नसकेका कारण पाठ छुट्न गएका विद्यार्थीहरुका लागि अतिरिक्त सहयोगको व्यवस्था मिलाउने,
- विद्यालयीय विभिन्न आवधिक योजनाहरुमा गरिब बालबालिकाहरुलाई सहयोग पुऱ्याउने कार्यक्रमहरु समावेश गरी तिनको प्रभावकारी कार्यान्वयन गर्ने,
- सबै बालबालिकाप्रति विद्यालयमा हुन सक्ने विभेदजन्य व्यवहारप्रति सदा सचेत भई कार्य गर्ने आदि ।

## (ङ) द्वन्द्वपिडित बालबालिकाहरु

तपाईंलाई आफ्नो कक्षाका विद्यार्थीहरु मध्ये कुनै पनि कारणबाट द्वन्द्वको सामना गरिरहेका बालबालिकाको पारिवारिक पृष्ठभूमि थाहा छ ? ति विद्यार्थीमा क-कसले पारिवारिक स्तरमा द्वन्द्वको सामना गर्नु परिहेको छ भन्ने जानकारी छ ? द्वन्द्वबाट प्रभावित परिवारबाट आएका विद्यार्थीहरुलाई सहयोग गर्न विद्यालयले तलका बुदाँहरुमा ध्यानदिनु पर्दछ :

- विद्यार्थीहरुको पारिवारिक पृष्ठभूमिको स्पष्ट जानकारी लिने,
- विद्यार्थीको व्यवहार अध्ययन (अस्वभाविक क्रियाकलाप, चुपचाप बसिरहने अथवा थकित देखिईरहने) गर्ने,
- विद्यार्थीसँग घुलमिल एवं वैयक्तिक कुराकानीका माध्यमबाट उसले भोगिरहेको मनोवैज्ञानिक एवं अन्य समस्याको पहिचान गर्ने,
- विद्यार्थीको आत्मबल वृद्धि गर्ने क्रियाकलापको छनोट तथा कार्यान्वयन गर्ने,
- आफ्नै विद्यालयका वा अन्य व्यक्तिबाट बराबर प्रताडित भएको अवस्थामा दुवै पक्षसँग योजनाबद्धरूपमा भेटघाट, छलफल र परामर्शको व्यवस्था मिलाउने । यसो गर्दा :
  - सुरूमा दुवै पक्षलाई बेग्लाबेग्लै भेट्ने र सल्लाह दिने,
  - आवश्यकता अनुसार दुवै पक्षका अभिभावक एवं अन्य सम्बद्ध व्यक्तिलाई जानकारी दिने,
  - दुवै पक्षका बीचमा मध्यस्थता कायम गर्न प्रयास गर्ने आदि ।
- विद्यालयमा विद्यार्थीलाई मानसिक दबाव पर्ने किसिमका कार्यलाई निषेध गर्ने,
- द्वन्द्व पिडितहरुसँग कुराकानी र संवाद गर्ने आदि ।




## च) एड्स अथवा एचआईभी भएका विद्यार्थीहरु

यस्ता केही बालबालिकाहरुमा तत्कालै कुनै बिमारीको लक्षण नदेखिएतापनि तिनीहरू चाँडै थाक्ने अनि बिरामी देखिने हुन सक्छन् । कहिलेकाँही अरू बालबालिकालाई ती विद्यार्थीको बिरामीका बारेमा थाहा हुनसक्छ । तर धेरै अवस्थामा अरुलाई त्यस्तो बिरामी बारे थाहा नहुन पनि सक्छ । यस्तो अवस्थामा विद्यालयले निम्नानुसारको थप सहयोग उपलब्ध गराउनु पर्नेहुन्छ :

- यस रोगबाट सङ्क्रमित बालबालिकाले आफ्ना कुराहरु निर्धक्कसँग राख्नसक्ने विश्वासिलो वातावरणको विकास गर्ने,
- यसका लागि विश्व एड्स दिवस वा अन्य कुनै विशेष दिनमा विद्यालयको व्यवस्थापन पक्ष लगायतको सहभागितामा विशेष कार्यक्रमको आयोजना गरी यससम्बन्धी तथ्यगत जानकारी आदानप्रदान गर्ने,
- "म मानव अधिकारप्रति सचेत भएको नाताले एड्सपिडितलाई कुनै विभेदजन्य व्यवहार गर्दिन" भन्ने जानकारी अभिभावक एवं बालबालिकालाई दिने,
- एड्सबाट पिडित बालबालिकाप्रति कक्षाकोठा एवं विद्यालयको वातावरणमा विभेदजन्य शब्दावलीको प्रयोग एवं व्यवहार गर्न रोक लगाउने,
- कुनै विद्यार्थी कक्षामा निकै थकित देखिएमा यसलाई नकारात्मक रुपमा नलिई उसलाई केही समय आराम गर्न दिने र उक्त अवस्थामा छुटेको पाठलाई पूरा गर्न सहयोग गर्ने व्यवस्था मिलाउने,
- एड्स पीडित बालबालिका एवं अभिभावकका लागि आवश्यक परामर्श सेवा उपलब्ध गराउने आदि ।

एड्स चिनाउने लोगो (सङ्केत)





## (छ) अपाङ्ग बालबालिकाहरु

अपाङ्ग बालबालिकाहरुको ठूलो सङ्ख्या अहिले पनि शिक्षाको अवसरबाट वञ्चितै रहेको पाइन्छ । कतिपय अपाङ्ग बालबालिकालाई जनचेतनाको कमीका कारणले अभिभावक एवं परिवारले कोठाभित्र थुनेरराखेका मर्मस्पर्शी उदाहरणहरु छन् । कतिपय बालबालिका विद्यालय जान मन गर्दछन्, अभिभावकहरु पनि विद्यालयमा पठाउन खोज्छन तर विद्यालयको वातावरण अपाङ्गका लागि अनुकूल नभएका कारणले विद्यालयको ढोकाबाटै निराश भएर फर्कन वाध्य देखिन्छन् ।

त्यस्तै, कतिपय बालबालिका विद्यालयमा अध्ययनरत छन् तर पनि विभिन्न किसिमका समस्याका कारण अन्य साङ्ग बालबालिकाले जस्तै समान सहभागिता र समान अवसरका आधारमा सिकाइ प्रक्रियामा समावेश हुन सकिरहेका हुँदैनन् । यस्तो अवस्थामा सबैका लागि शिक्षा भन्ने राष्ट्रिय एवं अन्तर्राष्ट्रिय प्रतिबद्धता पूरा हुन नसक्ने मात्र होइन कि बालबालिकाको शिक्षा प्राप्त गर्ने अधिकारसमेत कुण्ठित हुन पुग्दछ । कारणहरु खोतल्दै जाने हो भने बालबालिकालाई

## अपाङ्ग बालबालिकाको आवाज :

- यो स्कुलमा भएका ठूलाठूला सिंडींमा म बैशाखी/ व्हिल चेयर लिएर जानै सक्दिन,
- शौचालय हाम्रो लागि अनुकूल छैन,
- खानेपानीको धारा हाम्रो लागि अनुकूल छैन,
- कक्षाकोठा माथिल्लो तलामा छ, उक्लिनै कठिन छ,
- विद्यालयमा आउँदा यस्तो उस्तो भनी विभेदकारी शब्दको प्रयोगले सारै चित्त दुख्छ,
- मलाई उपयुक्त हुने खेलकुद नै यस विद्यालयमा खेलाइँदैन,
- शिक्षक तथा सहपाठीबाट मद्दत पाइन्न आदि ।



## शारीरिक अपाङ्ग लगायतका अपाङ्ग बालबालिकाहरूप्रति हामीले ख्याल गर्नुपर्ने पक्षहरु

शारीरिक अपाङ्ग बालबालिकाका लागि अपाङ्गताले पारेको प्रभावलाई न्यून गरी सक्रिय शिक्षणसिकाइ क्रियाकलापमा सहभागी गराउन तलका कुराहरूमा ध्यान दिनु पर्दछ :

- दुई तल्लाको भवन छ भने शारीरिक अपाङ्गता भएका विद्यार्थीलाई अध्ययन गर्ने कक्षा तल्लो तलामा नै मिलाउने,
- शारीरिक अपाङ्ग बालबालिका जानसक्ने, प्रयोग गर्न सक्ने गरी खेलमैदानलाई मिलाउने,
- व्हीलचियर जानसक्ने र फर्किन सक्ने गरी कक्षाकोठा, प्रार्थना स्थान वा अन्य कार्यक्रम स्थलमा र्‍याम्पको व्यवस्था गर्ने,
- वैशाखी प्रयोग गर्नेका लागि अनुकूल बेञ्चडेक्सको व्यवस्था गर्ने,
- बेञ्चमा बस्न नसक्नेलाई वैकल्पिक कुर्सी वा सुकुलको व्यवस्था गर्ने,
- शारीरिक अपाङ्ग बालबालिकाले प्रयोगगर्ने व्हीलचियर, वैशाखी राख्ने ठाउँको व्यवस्था गर्ने,
- शारीरिक अपाङ्ग बालबालिकाले प्रयोग गर्न मिल्नेगरी कालोपाटीको व्यवस्था गर्ने,
- शारीरिक अपाङ्ग बालबालिकाले सहभागिता जनाउन सक्ने खेलकुदको छनोट गर्ने,
- शिक्षणको दौरानमा बालबालिकासँग नियमित रूपमा अन्तरक्रिया/सम्वाद गर्ने,
- लेख्न असजिलो हुनेलाई शिसाकलममा रबरब्याण्ड बेरिदिने आदि ।

समाहित गर्दा विद्यालयले धेरै असुविधाहरु बेहोर्नु पर्ने सोचका कारण त्यस्ता बाल-बालिकाले पनि शिक्षा हासिल गर्नुपर्छ र भविष्यमा केही गर्न सक्षम हुनुपर्छ भन्ने कुरामा विश्वास र आस्था कम भएर पनि हुनसक्छ ।

तत्काल माथि उल्लेख भएका सुविधाहरु उपलब्ध गराउन नसक्ने अवस्थामा पनि विद्यालयले बालबालिकामा रहेको अपाङ्गतालाई होइन उसमा रहेको क्षमतालाई चिन्न सकेमा र सोही अनुसार सहयोग उपलब्ध गराएमा ठूलो सफलता प्राप्त गर्न सकिन्छ ।

# आंशिक वा पूर्ण दृष्टिविहीन बालबालिकाहरु

### दृष्टिविहीन बालबालिकाको आवाज

- सर/मेडमहरूले पढाउँदा यी लौ हेर मैले कालो पाटीमा लेखिदिएको छ भन्नु हुन्छ तर म देख्नै सक्दिन,
- मैले पनि खेल्न मिल्ने किसिमको खेल आईटम नै छैन ।
- तिमी आँखा नदेख्ने, तिमी कहीं पनि जानु पर्दैन, खेल्नु पर्दैन, थपक्क कक्षाकोठामा बस भन्दा मलाई नरमाइलो लाग्छ ।




### दृष्टिविहिन एवं आंशिक दृष्टिविहिन बालबालिकालाई सहयोग

विभिन्न अवस्थाका दृष्टिहीन बालबालिकाहरू हुन्छन् । केही दृष्टिविहीनहरु सामान्य उज्यालो र अँध्यारो मात्र देख्न सक्ने हुन्छन् भने कति त्यो भन्दा केही धेरै देख्ने हुन्छन् । विभिन्न दृष्टिविहीनहरुका बेग्लाबेग्लै आवश्यकताहरु हुने हुनाले कुन कुराले तिनलाई बढी सहयोग गर्छ भन्ने बुझ्नु पर्दछ । दृष्टिविहीन वा आंशिक दृष्टिविहीन बालबालिकाहरुलाई तलका थप सहयोग उपलब्ध गराउन सकिन्छ :

- कक्षाकोठाको अघिल्लो बेञ्चमा राखेर,
- प्रशस्त उज्यालो आउने ठाउँमा बसाइ व्यवस्थापन गरेर,
- शैक्षिक सामग्री बनाउँदा चम्किलो रङ्ग प्रयोग गरेर,
- कालोपाटी विद्यार्थीको बसाइसँग मिल्ने गरी राखेर,
- पठनपाठनका सिलसिलामा मुख्य-मुख्य बुँदाहरुलाई ठूला अक्षरमा लेखी दिने,
- कालोपाटीमा लेखिने कुरा बोलेर पनि जानकारी दिने,

## आंशिक दृष्टिविहीन बालबालिकाको आवाज

- किताबमा साना अक्षर छन्, पढ्न कठिन हुन्छ ।
- लौ हेर, चित्र अवलोकन गरर भन्ने जस्ता क्रियाकलापमा सहभागी बन्न कठिन हुन्छ ।
- कक्षाको पछिल्लो बेञ्चबाट कालोपाटीमा लेखेको देखिँदैन, खै के गर्नु ?




- सामग्रीहरु प्रयोग गरेर शिक्षण गर्दा सकेसम्म हातले छाम्न दिने,
- कुराकानी गर्दा सकेसम्म अनुहार देखिने गरी गर्ने,
- कालोपाटीमा लेख्दा ठूलो आकार र सफासँग लेखी दिने,
- राम्रो, सिपालु साथीसँग बस्ने व्यवस्था मिलाउने,
- पठनपाठनका सिलसिलामा पटकपटक संवाद गर्ने,
- ब्रेलबुक तथा स्लेट स्टाईलस राख्ने ठाउँको व्यवस्था गर्ने,
- ब्रेलमा सहयोग गर्नसक्ने शिक्षकका लागि जि.शि.का. सँग तालिमको माग गर्ने वा सो नभएसम्म दृष्टिविहीनहरुलाई स्रोतकक्षामा सिफारिस गरी पठाउने,

शिक्षक एवं विद्यालय परिवारको सकारात्मक सहयोग पाएमा दृष्टिविहीन एवं आंशिक दृष्टिविहीन बालबालिकाहरुले आफूमा भएको अधिकतम क्षमता सदुपयोग गर्ने अवसर पाएर उल्लेख्य उपलब्धि हासिल गर्न सक्छन् ।

# बहिरा एवं सुस्त श्रवण बालबालिका

### बहिरा बालबालिकाको आवाज

- मलाई कसैले पनि वास्ता गर्दैनन् ।
- मसँग कसैले पनि सङ्केतिक भाषामा कुरा गर्दैनन् ।
- सर/मेडमहरु कक्षामा आएर पढाउनुहुन्छ तर म बुझ्न सक्दिन र जवाफ दिन्न ।
- विद्यालयमा सरहरुले दिने मौखिक निर्देशनहरु बुझ्नै कठिन हुन्छ, के गर्ने ?



### बहिरा अथवा सुस्त श्रवण बालबालिकाहरुलाई सहयोग

बहिरा वालवालिकाहरूसँग सम्वाद गर्दा पूर्णतः साङ्केतिक भाषा र पूर्ण सञ्चार विधिको प्रयोग गर्नुपर्ने भएकाले सुन्दैनसुन्ने बहिरा बालबालिकाहरुलाई शिक्षण गर्न आफ्नै विद्यालयको शिक्षकलाई तालिमको व्यवस्था मिलाउनुपर्दछ । यसका लागि जिल्ला शिक्षा कार्यालयमा समयमै सूचना प्रवाह गर्नुपर्दछ । विद्यालयमा साङ्केतीक भाषामा सञ्चार गर्ने शिक्षक नभएसम्म देहाय अनुसार सहयोग उपलब्ध गराउन सकिन्छ :

- सकेसम्म प्राकृतिक सङ्केतबाट सञ्चार गर्न खोज्ने र कुरा बुझाउन प्रयास गर्ने,
- उनीहरुका समस्याहरु बुझ्न कोसिस गर्ने,
- उनीहरुका अभिभावकलाई बहिराहरुका लागि शिक्षा कार्यक्रम सञ्चालन भएका विशेष शिक्षा, स्रोतकक्षा, विशेष विद्यालयमा भर्ना गर्न पूर्ण सूचना सहितको जानकारी दिने,
- बालबालिकाले लेख्न पढ्न एवं बुझ्न सक्छन् भने बोलेर पढाउने कुराहरु लिखितरुपमा दिने,
- शारीरिक हाउभाउ र पूर्ण सञ्चार विधिको प्रयोग गर्ने,
- सकेसम्म बढी शैक्षिक सामग्री प्रयोग गर्ने आदि ।

## सुस्त श्रवण बालबालिकाको आवाज

- मलाई पछिल्लो बेञ्चमा बस्दा पढाएको सुन्न कठिन हुन्छ ।
- म उस्तै उस्तै आवाज आउने शब्दावलीको प्रयोगमा जहिले पनि अल्मलिन्छु ।
- मलाई बोल्ने मान्छेको ओठको चाल हेर्न नपाउँदा सुन्न र बुझ्न कठिन हुन्छ ।



सुस्तश्रवण भएका बालबालिकाको श्रवण क्षमता केही गुमेको भएतापनि केही बाँकी रहेको हुन्छ । यस्ता सुनाइमा केही कठिनाइ भएका बालबालिकालाई देहायका आधारमा सहयोग गर्न सकिन्छ :

- शिक्षण गर्दा शिक्षकको अनुहार एवं बोल्दा ओठ चलेको देख्न सक्ने ठाउँमा बसाइ व्यवस्थापन गर्ने,
- अघिल्लो बेञ्चको बीचमा बसाइको व्यवस्था मिलाउने,
- शिक्षणसिकाइ क्रियाकलापमा समूह समूह बनाई जिम्मेवारी प्रदान गर्ने,
- मुख्य-मुख्य बुँदाहरु कालोपाटीमा लेख्दै पढाउँदै गर्ने,
- आवाज प्रतिध्वनि हुन नपाउने बनाउनका लागि कक्षाकोठामा कर्कबोर्ड वा त्यस्तै वस्तु प्रयोगको व्यवस्था मिलाउने,
- बाहिरको हल्ला नआउने गरी कक्षाकोठाको व्यवस्था गर्ने,
- नचिच्याई स्पष्ट र विस्तारै वोल्ने/शिक्षण गर्ने,
- बालबालिकाले सुनेनसुनेको बीचबीचमा ख्याल गर्दै जाने आदि ।

**बहिरोपन एवं केही श्रवण क्षमता गुमेका बालबालिकाहरुलाई राम्रोसँग सञ्चारको वातावरण मिलाउन सकेमा उनीहरूले सुन्ने बालबालिका सरह नै उपलब्धि वा थप उपलब्धि हासिल गर्न सक्दछन् ।**

# सुस्तमनस्थिति – (बौद्धिक अपाङ्गता)

## बौद्धिक अपाङ्ग बालबालिकाको आवाज

- मलाई लामो निर्देशन बुझ्न कठिन हुन्छ,
- ढिलो-ढिलो बल्लबल्ल सिक्छु तर चाँडै बिर्सिन्छु,
- मलाई चित्र हेरेर, काम गरेर सिक्न मन लाग्छ तर स्कुलमा जहिले पनि पढ्न मात्र लगाउनुहुन्छ,
- मलाई मेरो बौद्धिक विकाससँग मिल्ने सानासाना उमेरका साथीसँग खेल्न मन लाग्छ तर साथीहरुले गिज्याउँछन्,
- मलाई दोहोऱ्याइ तेहऱ्याइ पढाएको सजिलो हुन्छ, तर त्यसो गरिदैन ।




## बौद्धिक अपाङ्गता भएका बालबालिकाहरुलाई सहयोग

बौद्धिक अपाङ्गता भएका बालबालिकाहरुको समकक्षी बालबालिकाको तुलनामा बौद्धिक विकासमा ढिलाई हुने भएकाले देहायका कुराहरुमा ध्यान दिनु सान्दर्भिक हुन्छ :



अभिभावक, शिक्षक र समकक्षी साथीहरुको सहयोग प्राप्त गरेमा बौद्धिक अपाङ्गता भएका बालबालिकाले पनि धेरै कुरा सिक्न र व्यवहारमा परिवर्तन ल्याउन सक्दछन् ।

- बौद्धिक अपाङ्ग बालबालिका लामो समयसम्म एकै ठाउँमा बस्न नसक्ने भएकाले उठ्न, हिड्न मिल्ने किसिमबाट बसाइको व्यवस्था गर्ने,
- एकै पटक लामो-लामो निर्देशन नदिने,
- सिपालु एवं सहयोगी साथीहरुसँग बसाइको व्यवस्था मिलाउने,
- कक्षाकोठालाई आकर्षणयुक्त सामग्रीहरू भएको बनाउने,
- बौद्धिक अपाङ्गता जटिल भएका विद्यार्थीहरुलाई समुदायमा आधारित पुनःस्थापना कार्यक्रम वा उनीहरूका लागि सञ्चालित स्रोतकक्षा भएको विद्यालय वा अन्य त्यस्तै सुविधा भएको ठाउँमा पढाउन पूर्ण सूचना सहितको जानकारी अभिभावकलाई दिने,
- शिक्षणसिकाइका क्रममा यस्ता बालबालिकाहरुलाई पालैपालो जिम्मेवारी दिने,
- सकेसम्म बढी, आकर्षणयुक्त, अर्थपूर्ण सामग्री प्रयोगको व्यवस्था मिलाउने,
- विद्यार्थीलाई कुनै क्रियाकलापमा सहभागी बन्नासाथ कुनै न कुनै किसिमको पुरस्कार एवं हौसला प्रदान गर्ने,
- शिक्षकले कक्षा समयमा नै विशेष ध्यान पुऱ्याई आवश्यक सहयोग गर्ने,
- बालबालिकालाई होच्याउने, गिज्याउने परिपाटीलाई अन्त्य गरी सहयोगात्मक कक्षाकोठाको वातावरण तयार गर्न विद्यार्थीलाई आश्वस्त तुल्याउने आदि ।

माथि उल्लिखित वर्गहरु बाहेक विभिन्न परिवेश जस्तैः कमैया, अल्प भाषी समूह, आदिवासी र द्वन्द्वले विस्थापित र अन्य थुप्रै बालबालिकाहरू तपाइको समुदायमा हुन सक्छन् । तिनको पहिचान गरी विद्यालयमा कसरी समाहित गर्न सकिन्छ, स्थानीय स्तरमै उपायहरु खोजी गरी विद्यालयमा समाहित गर्नु विद्यालय व्यवस्थापन समितिको दायित्व भित्र पर्न आउँछ । यसका लागि आवश्यक पर्ने सहयोगका लागि योजनाबद्धरुपमा कार्यक्रमहरूको तर्जूमा गर्नु पर्दछ : प्र.अ., व्यवस्थापन समिति, अभिभावक शिक्षक संघ, स्थानीय समुदाय सबैको सहकार्यमा ।


# खण्ड ३ : सबैका लागि बिद्यालय



## समाहित शिक्षा – सबैका लागि अनुकुल शिक्षा

- सबैका लागि बिद्यालयः कसरी ?
- समाहित शिक्षा अनुकुल कक्षाकोठा
- बालमैत्री शिक्षण योजना र शिक्षण विधि
- सिकाई पद्धति

## सबैका लागि विद्यालय कसरी ?






**सबैका लागि विद्यालय हुन तलका बुदाँ अनुसारको काम गर्नु आवश्यक देखिन्छ :**

- **विद्यालय सेवाक्षेत्रबाट विद्यालय नआएका बालबालिकाको पहिचानः**

☞ को को विद्यालय आएनन् ? खोजी गर्ने,
☞ किन विद्यालय आएनन् ? कारण खोज्ने ।

- **सबै बालबालिकालाई विद्यालयमा भर्ना गर्ने कार्यक्रम तर्जुमा एवं स्रोतको परिचालन :**

☞ अभिभावकसँग भेटघाट कार्यक्रमको तर्जुमा गर्ने,
☞ उपयुक्त कार्यक्रमको छनोट गर्ने,
☞ कार्य सम्पादन, जिम्मेवारी बाँडफाँड गर्ने ।

- **विद्यालयमा आएर पनि सिकाइ क्रियाकलापमा सहभागिता जनाउन नसकेका विद्यार्थीको पहिचानः**

☞ कसकसले सिक्न सकेनन् ?
☞ किन सिक्न सकेनन् ?
☞ के सिक्न सकेनन् ? को खोजी गर्ने ।

- **सबैलाई विद्यालयमा भर्ना हुन, भर्ना भएकालाई विद्यालयमा निरन्तर टिकाई राख्न र विद्यालयमा सबैका लागि बालमैत्री सिकाइ वातावरण तयार गर्न विद्यालयले सुधार गर्नुपर्ने पक्षहरुको पहिचानः**

☞ विद्यालयमा आउनेलाई कस्तो व्यवहार गरेर स्वागत गर्ने ?
☞ सबै बालबालिकाको आवश्यकतालाई सम्बोधन गर्न कस्ता कस्ता कार्यक्रम योजनामा समावेश गर्ने ?
☞ बालमैत्री बनाउन विद्यालय वातावरण कस्तो बनाउने ?
☞ सबैलाई समेट्न विद्यालयको भौतिक संरचना एवं सुविधा कस्तो हुनुपर्ने ?
☞ स्थानीय संस्कृति, मूल्य मान्यताप्रति सचेत र स्थानीय व्यक्तिहरुको व्यवस्थापनमा सचेत्ता एवं जिम्मेवारी वहन गर्ने संयन्त्र कस्तो हुने ?
☞ स्थानीय समुदायको स्वामित्व अभिवृद्धिको प्रक्रिया के कस्तो हुने ?
☞ विद्यालयले बालबालिकाबारे गर्ने निर्णयमा आत्मसम्मानको अवसर र क्षेत्र के हुने ?
☞ विद्यालयमा दलित, अपाङ्ग, छात्रा जस्ता बालबालिकाले भोगिरहेका विभेदजन्य व्यवहारलाई अन्त्य गर्न के कस्ता सुधार आवश्यक हुने ?
☞ समाहित शिक्षाको मूल्य, मान्यता बमोजिम विद्यालय, व्यवस्थापन पक्ष, शिक्षक स्टाफ र अन्य पक्षले कस्तो व्यवहार अपनाउनुपर्ने ?

- **सुधार कार्यक्रमको प्राथमिकताक्रम निर्धारणः**

☞ सबैभन्दा पहिले के के गर्ने ? (पहिलो प्राथमिकता)
☞ त्यसपछि के के गर्ने ? (दोस्रो प्राथमिकता)

- **सबैका आवश्यकताप्रति संवेदनशील, सबैलाई समेट्ने र सबैप्रति जवाफदेहीपूर्ण सुधार योजनाको कार्यान्वयनः**

☞ सबैप्रति उत्तरदायी कार्यान्वयन पद्धतिको व्यवस्था गर्ने,
☞ समुदायको सक्रिय सहभागितामा कार्यान्वयन संयन्त्रको विकास गर्ने,
☞ सामाजिक लेखापरीक्षणको सुनिश्चितता कायम गर्ने,
☞ निरन्तर मूल्याङ्कन पद्धतिको विकास गर्ने आदि ।

# समाहित शिक्षा अनुकूल कक्षाकोठा



समाहित शिक्षाको कक्षाकोठा बालमैत्री हुनु पर्दछ । यस्ता कक्षाकोठाको व्यवस्थापनका कारण बालबालिका कक्षामा आउन रमाऊन्, कक्षामा सञ्चालन गरिने शिक्षण सिकाइ क्रियाकलापमा कुनै असुविधा नहोस, कक्षाकोठाको व्यवस्थापन चुस्त होस् र सबै किसिमले कक्षाकोठा अनुकूल होस् भन्नाका लागि कक्षाकोठा व्यवस्थापनमा शिक्षकले विशेष ख्याल गर्नुपर्ने हुन्छ । कक्षामा विद्यार्थी सङ्ख्या बढी हुँदा सानो कक्षाकोठा उपयुक्त हुन्न भने कक्षामा पर्याप्त प्रकाश नहुँदा, उपयुक्त बसाइ व्यवस्था नहुँदा प्रतिकूलता हुने गर्दछ । यसका लागि शिक्षकको थोरै मिहिनेतले कक्षाकोठालाई आकर्षक र सबै किसिमका बालबालिकाका लागि स्वागत योग्य तुल्याउन सकिन्छ ।

समाहित शिक्षा अनुकूल कक्षाकोठा व्यवस्थाका लागि केही उपायहरूको उल्लेख तल गरिएको छ :

**(क)उपयुक्त कक्षाकोठा बनाउने:**
विद्यालय भवनमा ह्वीलचेयर जान सक्ने र्‍याम्प (RAMP) राख्ने र ह्वीलचेयरमै बसेर अध्ययन गर्न सक्ने कक्षाकोठाको व्यवस्था गर्ने ।

**(ख) भित्तामा सम्बन्धित तस्वीरहरू टाँग्ने:**
भित्तामा टाँस्नलाई आकर्षक र विषयवस्तुसँग सम्बन्धित तस्वीरहरु ल्याउनुहोस् । जिल्ला शिक्षा कार्यालयले त्यस्ता तस्वीरहरु उपलब्ध गराउन सक्छ कि ? सोधखोज गर्नुहोस् । विभिन्न जातजाति र संस्कृतिका बालबालिकालाई समेटिएका तस्वीरहरु हुनु जरूरी छ । विद्यार्थीहरुका सुझाव र सल्लाह लिएर बेलाबेलामा ती तस्वीरहरु फेर्ने गर्नुहोस् । सामुहिक भित्ते चित्रहरु बनाउन समय निकाली सबै विद्यार्थीलाई यस्ता क्रियाकलापमा संलग्न गर्नुहोस् ।

**(ग)विद्यार्थीका रचनाहरू प्रदर्शन गर्ने:**
कक्षाकोठामा निश्चित स्थान रोजेर विद्यार्थीले गरेका राम्रा कार्यहरु जस्तै- लेख, गणितीय रेखाचित्र वा शैक्षिक चित्रहरूको प्रदर्शन गर्नु पर्दछ । तिनलाई बेलाबेलामा फेर्दै गर्नुहोस् । शैक्षिक सत्रको अन्त्य सम्ममा सबै विद्यार्थीका कम्तीमा एकओटा चित्र त्यहाँ टाँगिएका हुन् ।

**(घ) बालमैत्री कक्षाकोठाको व्यवस्था गर्ने:**
बालमैत्री कक्षाकोठा भनेको विद्यार्थीको निर्णय, सहभागिता, आत्मसम्मान र उनीहरुका योगदानको कदर गर्ने वातावरणको निर्माण गर्नु भनेको हो । साथै अहिंसात्मक (दण्ड रहित) विधिको प्रयोग गरेर विद्यार्थीका वैयक्तिक भिन्नतालाई सम्मान गर्दै ती भिन्नतालाई सम्बोधन गर्ने क्रियाकलाप सञ्चालन गर्नु पनि बालमैत्री कक्षाकोठाको व्यवस्थाभित्र पर्न आउँछ । मुख्यतः आफ्ना लागि आफै निर्णय लिन सक्ने वातावरणको निर्माण र यस्तो क्षमताप्रति विश्वास गर्नु बालमैत्री वातावरणका पूर्वाधार हुन् भनी बुझ्नु पर्दछ ।




**(ङ) सूचना पाटीको व्यवस्था:**
कक्षाको ठीक अधिल्तिर एउटा सूचना पाटी राख्नुहोस् । त्यसमा हरेक दिन हुने क्रियाकलापहरू लेख्नुहोस् र कक्षाको आरम्भमा सो पढेर सबैलाई सुनाउने गर्नुहोस् । सूचना पढ्न सक्षम विद्यार्थीलाई सूचना पाटीमा रहेका सूचना सधैं पढ्न प्रेरित गर्नुहोस् ।

**(च) कार्य खल्ती (Job Pockets) राख्ने व्यवस्था:**
युनिसेफले साना विद्यार्थीहरुका निम्ति भित्तामा टाँगने "कार्य खल्ती" नामक सामग्री तयार पारेको छ । यो बाक्लो कपडाद्वारा सहजै तयार गर्न सकिने भित्ते खल्ती हो । यसमा भएका "कार्ड" मा हरेक विद्यार्थीको नाम लेखिएको हुन्छ । प्रत्येक भित्ते खल्तीको सिरानमा कक्षामा गर्नुपर्ने कार्यहरु जस्तैः कक्षा नेता (Monitor), पुस्तक नेता, शिसाकलम नेता, सर-सफाइ नेताका साथै फुर्सदको बेला भनी लेखिएको हुन्छ । सबै विद्यार्थीलाई हरेक हप्ता बेग्लाबेग्लै काम दिएर खल्तीमा उनीहरुको नाम लेखिदिनुहोस् । वर्षभरिमा सबै विद्यार्थीले सबै काम गरे-गरेनन् याद राख्नुहोस् र विद्यार्थीलाई यस सम्बन्धमा भएको प्रगति बारे छलफल गराउनुहोस् ।

**छ) सर्वसम्मत नियमावलीका चित्र (Ground rules posters) व्यवस्था:**
हरेक शैक्षिक सत्रको आरम्भमा बालबालिकाहरूसँग छलफल गरेर कक्षामा पालन गर्नुपर्ने सर्वसम्मत नियमहरु के कस्ता हुन सक्छन् तय गर्नुहोस् । यस्ता नियमहरु खुशी र सुरक्षाका साथ पढ्नलेख्न सजिलो होस् भनेर तयार गर्न आवश्यक भएको कुरा उनीहरुलाई बुझाउनुहोस् । सर्वसम्मत नियमहरुमा एक-अर्काका कुरा ध्यान दिएर सुन्ने, कसैलाई हेलाँहोचो नगर्ने, कसैको नराम्रो नाम नराख्ने, प्रश्न सुन्ने र जवाफ दिन पालो पर्खने आदि नियम हुनसक्छन् । यस्ता सबै नियमहरु तय भएपछि तिनलाई एउटा चार्ट पेपरमा सफासँग लेखेर कक्षा कोठामा टाँग्नुहोस् ।

**(ज) कालोपाटीको व्यवस्था:**
बालबालिकाहरुको उमेर तथा अवस्थालाई हेरी झ्यालमुनिसम्मैतिर कालोपाटी बनाउने र कक्षाकोठाको अगाडि तथा पछाडि पनि कालोपाटी बनाउने ।

**(झ) बसाई व्यवस्था:**
विद्यार्थीहरु सँधै पंक्तिबद्ध भएरै बस्नु जरूरी छैन । सम्भव भएसम्म उनीहरुको बसाइ व्यवस्थामा परिवर्तन गर्नुहोस् । उनीहरु कहिले समूहमा बसून्, कहिले छात्र र छात्राहरु मिलेर बसून् त कहिले विभिन्न जातजातिका विद्यार्थीहरु मिसिएर बसून् । साथै अपाङ्गताको तीव्रता र कठिनाइका आधारमा बालबालिकाहरुलाई अनुकूल हुने गरी बसाइ व्यवस्था गर्नुपर्दछ ।

**(ञ) शैक्षिक सामग्री**
शैक्षिक सामग्रीका रुपमा पाठ्यपुस्तक, चक र शिशाकलममन्दा धेरै अन्य सामग्री पनि हुनुपर्छ । त्यसका निम्ति अतिरिक्त

खर्चको आवश्यकता पर्दैन । खबर कागजका चित्रहरु अथवा लेखहरु ल्याउनुहोस् । विद्यार्थीहरुलाई वरपर पाइने रोचक पातहरु, ढुङ्गाा, बीऊ आदि ल्याउन लगाउनुहोस् अनि तिनकै आधारमा पाठ्यसामग्री  तयार पार्नुहोस् । कक्षामा कुनै स्थान खाली गरेर विद्यार्थीहरुले ल्याएका त्यस्ता सामग्रीहरुको प्रदर्शन गर्नुहोस् । त्यस्तै कक्षालाई आवश्यक पर्ने सबै सामग्रीहरु कक्षाकोठामा नै राख्ने व्यवस्था गर्नुपर्दछ ।



**(ट) बालबालिकाका सामान राख्ने ठाउँको व्यवस्थाः**
कक्षामा विद्यार्थीका झोला झुण्ड्याउनका लागि किलाको व्यवस्था गर्नुहोस् । ति किलामा  बालबालिकाले आ-आफ्नो नाम लेखेर, त्यसलाई सिङ्गारेर/सजाएर आफ्ना सामानहरु राख्न सकून् ।

माथि उल्लेख भएका तरिकाहरू समाहित कक्षाकोठा व्यवस्थापनार्थ केही सुझावहरू मात्र हुन् । अरू तपाईंले आफ्ना विद्यार्थी र अन्य शिक्षक शिक्षिकाहरुसँग सरसल्लाह गरी आफ्नो कक्षाकोठालाई बालबालिकाका निम्ति अझ सुरूचिपूर्ण र आकर्षक तुल्याउन सक्नुहुन्छ । नेपालीमा एउटा भनाइ नै छ “जहाँ इच्छा, त्यहाँ उपाय” । हो, हामीमा इच्छा र तत्परता भए यसरी समाहित शिक्षा अनुकूल कक्षाकोठाको व्यवस्थापन गर्न कठिन नहोला ।

## परम्परागत कक्षाकोठा र समाहित कक्षाकोठा बीच तुलना

**तलको तालिकामा परम्परागत कक्षाकोठा र समाहित कक्षा कोठालाई तुलनात्मक रुपमा प्रस्तुत गरिएको छ**

| **परम्परागत कक्षाकोठा** | **समाहित कक्षाकोठा** |
|---|---|
| - शिक्षकले सँधै अगाडि र लेख्नुपर्दा विद्यार्थीपट्टि ढाड फर्काउने । | - शिक्षक सँधै घुमीघुमी पढाउने र समय समयमा भिन्ना भिन्नै विद्यार्थीलाई सोधेर कालो पाटीमा लेख्न लगाउने । |
| - विद्यार्थीहरु आ-आफ्नो पङ्क्तिमा छात्र अलग्गै र छात्रा अलग्गै भई बस्ने । | - भिन्न भिन्न बस्ने व्यवस्था र समय समयमा विद्यार्थीहरु भिन्न समुहसँग मिसिएर बस्ने । |
| - कक्षा कोठा वरिपरि रित्ता भित्ताहरु (पर्खालहरु) हुने । | - विद्यार्थीहरुले नै बनाएका भित्ते तस्वीर, नियमावली र उदाहरणहरुले भरिएका भित्ताहरु (पर्खालहरु) हुने । |
| - शैक्षिक सामग्रीका रुपमा केवल पाठ्यपुस्तक, चक र श्यामपाटीको प्रयोग हुनु । | - साधारण शैक्षिक सामग्री बाहेक शिक्षकले ल्याउने विभिन्न सामग्री र विद्यार्थीहरुले आफ्नो वातावरणबाट सङ्कलन गरेर अरूलाई देखाउन ल्याएका अन्य थुप्रै सामग्रीहरु प्रयोग हुनु । |
| - शिक्षक केन्द्रीत हुनु | - विद्यार्थी केन्द्रीत हुनु |

**अब सोच्नुहोस्**
- **तपाई कुन प्रकारको कक्षाकोठामा पढाउनु हुन्छ ?**
- **कसरी सबै विद्यार्थीका लागि स्वागत योग्य कक्षाकोठा बनाउन सक्नुहुन्छ ?**

# समाहित बालमैत्री शिक्षणयोजना र शिक्षणविधि



**शिक्षण योजना**

कक्षा शिक्षणका लागि तय गरिएको योजना नै शिक्षण योजना हो । समाहित बालमैत्री शिक्षण योजना पनि अन्य शिक्षण योजना जस्तै गरी निर्माण गरिने शिक्षणयोजना हो । शिक्षणयोजना बनाउने प्रमुख दायित्व शिक्षकको हो । शिक्षकले शिक्षणयोजना बनाउँदा आफूले शिक्षण गर्ने विषयका सबै पाठहरुलाई राम्रोसँग अध्ययन गरी पाठको प्रकृति अनुकूल शिक्षणयोजना बनाउनु पर्ने हुन्छ । तपाईंलाई शिक्षणयोजना बनाउन सघाउन तल केही बुँदाहरु दिइएका छन् :

**बालबालिकाले खास पाठबाट के सिकुन भन्ने चाहनुहुन्छ ?**
हरेक पाठको विशिष्ट उद्देश्य र साधारण उद्देश्यहरु हुन्छन् । यससम्बन्धमा तपाईले पाठ्यक्रम र शिक्षक निर्देशिका अध्ययन गरी स्पष्ट हुनसक्नु हुन्छ ।

**तपाईं कसरी यी उद्देश्यहरू पूरा गर्न सक्नुहुन्छ ?**
कुनै पाठ धेरै लेख्नु र पढ्नुपर्ने हुनसक्छ अथवा कुनै क्रियाकलाप गराउनुपर्ने पाठ पनि हुनसक्छ ?

**तपाई पाठको परिचय कसरी गराउनुहुन्छ ?**
पाठको आरम्भमा के छ र यसबाट के सिक्न सकिन्छ भनी कसरी बुझाउनु हुन्छ ?

**क्रियाकलापको ढाँचा कसरी बनाउनु हुन्छ ?**
यस पाठमा कसरी विभिन्न क्रियाकलापहरु गराउन सकिन्छ ? त्यसबारेमा सोच्नुहोस् । कुनै पाठ विद्यार्थीले राम्ररी बुझ्नका निम्ति कक्षामा अघिल्तिरबाट प्रश्नहरु सोध्दै उत्तर दिँदै पढाउनु पर्ने हुनसक्छ । कुनैमा विद्यार्थीहरू स्वयंले लेख्नुपर्ने कार्य धेरै भएको हुनसक्छ । त्यसरी नै कुनैमा समूहमा छलफल गराई अथवा जोडीलाई छलफल गर्न लगाएर आएको निचोड सम्पूर्ण कक्षालाई बुझाउनु पर्ने हुनसक्छ । यस्ता कतिपय पाठहरुलाई अभ्यासमूखी क्रियाकलापका ढाँचामा तयार गर्नुपर्ने हुन्छ ।

**विभिन्न तरिकाले पढाउने र सिकाउने पद्धतिहरू कसरी प्रयोग गर्नसकिन्छ ? त्यसबारेमा सोच्नुहोस् ।**
तपाइँले पढाउँदै गर्नुभएको पाठमा सबै विद्यार्थी समानरुपमा सहभागी भई एकअर्कासँग अन्तरक्रिया गर्दै पढिरहेका छन् ? भनेर तपाई आश्वस्त हुनुहुन्छ ?

**समूह/जोडीहरू कसरी बनाउने भनेर सोच्नुहोस् ?**
सक्रियरुपमा सहभागी नहुने विद्यार्थीहरुलाई प्रमुख भूमिका दिने अथवा बढी प्रश्नहरु सोध्ने कुरामा ध्यान दिनुहोस् ।

**पाठ बुझ्न गाह्रो पर्ने विद्यार्थीहरू तपाईंका कक्षामा भए तिनलाई कसरी सहयोग गर्न सक्नुहुन्छ ?**
कुनै प्रकारको अपाङ्गता, पढ्न कठिनाइ पर्ने अथवा भिन्न भाषा बोल्ने विद्यार्थीहरुलाई कसरी सक्रिय तुल्याउने सो बारेमा सोच्नुहोस् ।

**तपाई कक्षा समय कसरी उपयोग गर्नुहुन्छ ?**
कति समय शिक्षक आफैले प्रयोग गर्नुहुन्छ र कति समय विद्यार्थी केन्द्रित क्रियाकलापमा बिताउनुहुन्छ ?

**तपाईलाई के कस्ता स्रोतहरू आवश्यक पर्छन् ?**
पाठ पढाउन आवश्यक तस्वीर र लेखहरु जस्तै स्थानीयस्तरमा उपलब्ध सामग्रीहरु तपाईं ल्याउन चाहनुहुन्छ ? विद्यार्थीहरुबाट बनाउनु पर्ने स्रोतसामग्रीहरु पनि छन् ? (यस्ता सामग्री खर्चिला हुन आवश्यक छैन– उदाहरणका निम्ति यदि तपाईं वजनका बारेमा साना बालबालिकाहरुलाई पढाइराख्नु भएको भए तिनीहरुलाई सानो तर वजनदार वस्तु जस्तैः खोलाको चिल्लो ढुङ्गा ल्याउन लगाउनुहोस् । त्यसरी नै आकारको बारेमा हलुङ्गो तर ठूलो आकारको ठूलो पात ल्याउन लगाउनुहोस् ।)

**विद्यार्थीहरूले सिके वा सिकेनन् भन्ने कुरा कसरी थाहा पाउनुहुन्छ ?**
विद्यार्थीहरुलाई प्रश्न गरेर अथवा तिनीहरुले गरेका कार्यहरु जस्तै परियोजना कार्य, अवलोकन, छलफल, शिक्षक विद्यार्थी अन्तरक्रिया आदिबाट उनीहरुले सिके नसिकेको मूल्याङ्कन गर्न सकिन्छ ।

**कक्षाकोठा भित्र के हुन्छ ?**
कक्षाकोठा भित्र के हुन्छ भन्ने जानकारी राख्नु र त्यसमा सजग हुनु मात्र समाहित शिक्षा होइन । विद्यालयका प्रत्येक विद्यार्थीप्रति सरोकार राखी शिक्षकले आफ्नो धारणा, प्रवृत्ति र व्यवहारमा परिवर्तन ल्याउन पनि आवश्यक हुन्छ ।

यसका निमित्त निम्नलिखित कुराहरु गर्नु महत्वपूर्ण हुन आउँछ :

- शिक्षकले पनि विद्यार्थीलाई अभिवादन, आग्रह गर्ने गर्नुपर्छ र उनिहरुका लागि स्वागत योग्य वातावरण तयार गर्नुपर्दछ,
- सम्पूर्ण बालबालिकालाई बिना भेदभाव उचित सम्मान गर्नु पर्दछ,
- सँधै विद्यार्थीलाई निर्देशन मात्र दिइरहनुको सट्टा उनीहरुका कुरा पनि सुन्ने बानीको विकास गर्नुपर्छ । "शिक्षकको सुन" बाट "विद्यार्थीको सुन" मा आफूलाई परिवर्तन गर्नुपर्दछ,
- कक्षामा आउन असमर्थ बालबालिकालाई अनुगमन गर्ने जिम्मेवारी पनि शिक्षक कै हो भन्ने ठान्नु पर्दछ,
- यदि कुनै विद्यार्थी विद्यालय समयमा बाहिर भेटिएमा, उसँग "के कठिनाइ परेर विद्यालय आउन नसकेको हो ?" "किन आज विद्यालय नआएको ?" भनी सोधपुछ गर्नुहोस्,
- सम्पूर्ण विद्यार्थीहरुसँग समाहित शिक्षाका बारेमा छलफल गर्नुहोस् र उनीहरूले पनि एक अर्काका निमित्त विद्यालयमा स्वागत योग्य वातावरण तयार गर्न मद्दत गरिरहेका छन् भन्ने कुरामा आश्वस्त हुनुहोस् ।
- मूल्याङ्कनका विभिन्न तरिकाहरु प्रयोग गरेर विद्यार्थीहरुले सिकाइ उपलब्धि हासिल गरे नगरेको जानकारी शिक्षकले प्राप्त गर्नुपर्छ । यदि विद्यार्थीहरुले सिकाइ उपलब्धि हासिल गर्न नसकेमा वा पाठको उद्देश्य पूरा नभएमा सो सम्बन्धमा विद्यार्थी तथा शिक्षक स्वयंबाट पृष्ठपोषण लिई पाठको पुनः योजना तयार गरी शिक्षण क्रियाकलाप गर्नु गराउनु पर्दछ ।

## घट्ना अध्ययन

झापा जिल्लाका
एक शिक्षकले समाहित शिक्षा भनेको आफ्नो परम्परागत शिक्षण शैलीमा पूर्ण व्यवहारिक परिवर्तन हो भन्ने बुझेका छन् । एक प्रधानाध्यापकको भनाइमा "पहिले यदि कुनै बालबालिकाले राम्रो गरेन वा ठीक व्यवहार गरेन भने उसलाई तत्काल सजाँय दिने चलन थियो । तर अहिले हामी बालबालिकालाई बोलाउँछौ, ऊ सँग बस्छौ, के भएर यस्तो व्यवहार गरेको हो बालक/बालिकालाई नै सोध्छौं र आवश्यक परे उसका अभिभावकसँग पनि कुराकानी गर्छौं । बालबालिकाले राम्ररी नपढ्नुको पछाडि थुप्रै कारणहरु हुँदा रहेछन् भन्ने हामीले थाहा पायौं जस्तै : घरायसी समस्या, घरमा खानाको कमी, बच्चालाई अरूले गिज्याउने आदि ।

# सिकाइ पद्धति



## सिकाइका विभिन्न तरिकाहरु :

हामी सबै विभिन्न तरिकाले सिक्ने गर्छौं। सिकाइ कार्य व्यक्तिको रूचि अनुसार हुनेगर्दछ। हामी कति कुराहरु सुनेर सिक्छौं भने कति कुराहरु गरेर, पढेर सिक्छौं। त्यसैगरी कतिपयलाई तस्वीर र चित्रहरु हेरेर सिक्न सहज हुन्छ भने कतिले आफैं गरेर सिक्ने गर्छन्। कुनै बालबालिकाले दुई वा सोभन्दा बढी तरीकाहरू (Multiple Intelligence) को प्रयोगबाट सिक्न सक्छन्।

सिकाइका अन्य विभिन्न तरिकाहरुका बारेमा विचार गर्नुहोस् र सोच्नुहोस् तपाईंलाई सबैभन्दा कुन तरिका मनपर्‍यो । बालबालिकाहरु पनि वयस्कहरु सरह नै हुन् । तपाईंका बालबालिकाहरुमा पनि शिक्षाको रूचि बेग्ला बेग्लै प्रकारको हुनसक्छ। तपाईंले सधैं एकै तरिकाले पढाउने गर्नु भएको भए त्यो तरिकाको सट्टा अर्को तरिका मनपराउने विद्यार्थीहरुलाई सिकाइको अवसरबाट वञ्चित गर्नुभएको हुनसक्छ ।

बालबालिकाहरुलाई स्वभावैले विविधता मनपर्छ। त्यसैले सधैं एउटै तरिकाद्वारा सिकाउने गर्दा सबै बालबालिकाको आवश्यकता र सिक्ने क्षमता अनुकूल नहुनसक्छ ।

सम्भव भएसम्म भिन्न-भिन्न तरिका प्रयोग गरी पढाउने प्रयास गर्नुहोस्। कहिले प्रवचन विधि त कहिले लेखिएका सामग्री वा तस्वीरहरु प्रदर्शन एवं उपयोग गर्नुहोस्। कहिले विद्यार्थीलाई छलफल गर्न लगाउनुहोस् त कहिले उनीहरुलाई पाठको विषयवस्तु दिएर अभिनय गर्न तथा परियोजना कार्य गर्न लगाउनुहोस्।

## गरेर सिक्नेः

धेरै विद्यार्थीहरु प्रत्यक्ष देखेर सिक्ने हुन्छन्। उनीहरुका निम्ति किताबी ज्ञान गाह्रो हुन सक्छ। तर त्यही कार्यलाई प्रत्यक्षरुपमा गर्न पाए चाँडै सिक्ने हुन्छन् । उदाहरणका निम्ति एउटा विद्यार्थीलाई गुणा गर्ने पाठ गाह्रो लाग्न सक्छ तर त्यसैलाई ब्लकहरुका माध्यमले अथवा एवाकसमा कसरी अङ्कहरू बढ्दै जाँदा रहेछन् भन्ने स्पष्ट गराउन सके विद्यार्थी स्वयंले सजिलैसँग गुणनको धारणा बुझ्नेछ।

यसरी सिक्ने क्रम विद्यार्थीहरु ठूला हुँदै जाँदासम्म पनि लागू हुन्छ। उदाहरणका निम्ति कतिपय विद्यार्थीलाई समाज शास्त्रका बारेमा पढ्न-लेख्न पट्यारलाग्दो र असान्दर्भिक हुनसक्छ। तर तिनै विद्यार्थीलाई आफ्नै समुदाय अथवा गाउँका बारेमा सर्वेक्षण गर्ने कार्य दिइएमा उनीहरूले तन्मयता र लगनका साथ सो कार्य सम्पादन गर्नसक्छन्।
अब तपाई पनि सिकारुको जीवन जगतसँग नजिकिँदै उनीहरूले देखे भोगेका र अनुभव गरेका विषयवस्तुलाई उपयोग गर्दै सिकाउने कार्यको प्रारम्भ आजैबाट गर्नुहोस्।




## समूहबाट सिक्ने :



विद्यार्थीहरुले केवल शिक्षकबाट मात्र सिक्दैनन्। उनीहरुले धेरै कुराहरु समूहमा एकअर्काबाट पनि सिकिरहेका हुन्छन्। कहिले समानस्तरका विद्यार्थीहरुको समूह निर्माण गरी समूह क्रियाकलाप गर्न/गराउन सकिन्छ। कहिलेकाही समानस्तर र क्षमता भएका विद्यार्थीहरुबीच त कहिले फरक क्षमता र स्तर भएका विद्यार्थीहरुको मिश्रित समूह बनाई क्रियाकलाप गराउन सकिन्छ। समूह सिकाइ प्रक्रियामा कुनै पनि विद्यार्थीलाई सिक्ने अवसरबाट बञ्चित भएको अनुभव गर्नदिनु हुदैन। अर्थात् सबै विद्यार्थीहरूलाई समान सहभागिताको अवसर सुनिश्चित गरिनुपर्दछ। समूहमा काम गरेर सिक्ने कार्य विषयवस्तुको प्रकृति अनुसार फरकफरक हुनसक्छ। गणितीय समस्या, सामाजिक, सांस्कृतिक विषयवस्तु तथा अन्य व्यवहारिक सीपहरु सिकाउँदा समूह कार्य बढी प्रभावकारी हुनसक्छ।

सोच्नुहोस् त कसरी फरक-फरक समयमा छुट्टाछुट्टै समूहलाई अलग-अलग तरिकाले सिकाउन सकिन्छ ?

## पाठ योजना निर्माण



कक्षा शिक्षण कार्यलाई प्रभावकारी बनाउन दैनिक पाठ्योजना तयार गरी शिक्षण क्रियाकलाप सञ्चालन गर्ने कार्य शिक्षकहरुलाई नयाँ विषय होइन। हामी सबैलाई दैनिक पाठ्योजना निर्माण गर्ने प्रक्रिया एवं ढाँचाका विषयमा जानकारी नै छ यद्यपि समाहित शिक्षाको मान्यताअनुरुप कक्षाकोठाभित्र हुन सक्ने विविधतालाई सम्बोधन गर्दै शिक्षणलाई प्रभावकारी, बालकेन्द्रित र सबैका लागि सिक्ने अवसर सुनिश्चित गर्न सोहीअनुरूपको पाठयोजना बनाउनु पर्ने हुँदा दिइएका ढाँचा एवम् सुझावहरु उपयोगी हुन सक्दछन् :

### दैनिक पाठ्योजनाको नमूना

विद्यालय : .................................................. कक्षा :..................................................

विद्यार्थी सङ्ख्या :.......................................... घन्टी/समय :..........................................

विषय :.................................................. एकाइ/पाठ शीर्षक :......................................

पाठ्यवस्तु :..................................................

### १. उद्देश्य :

यस पाठको अन्त्यमा विद्यार्थीहरु निम्नलिखित कार्य गर्न/निम्नलिखित कुरामा सक्षम हुनेछन् :

क. ..................................................

ख. ..................................................

पाठयोजनामा राखिने उद्देश्यहरु सरल, स्पष्ट, व्यवहारिक, मापनीय हुनु पर्छ। यसका लागि पाठ्यक्रम, पाठ्यपुस्तक र शिक्षक निर्देशिका अध्ययन गरी उद्देश्य निर्माण गर्नुपर्दछ।



## २. शैक्षिक सामग्रीहरु

पाठको उद्देश्य परिपूर्ति गर्न उपयोगी र आवश्यक सामग्रीहरुको व्यवस्था गर्नुहोस । सामग्री एवं शिक्षणका लागि स्रोतहरुको तर्जुमा गर्दा देहायका पक्षलाई ध्यान पुऱ्याउनु पर्ने हुन्छ :

- सकेसम्म स्थानीयस्तरमा पाइने सामग्रीहरुको छनोट गर्ने,
- आफ्नो कक्षामा विशेष आवश्यकता भएका (अपाङ्ग विद्यार्थीहरुसमेत) विद्यार्थीका आवश्यकतासँग अनुकूल हुने सामग्रीहरुको व्यवस्था गर्ने,
- आफ्नो कक्षाका प्रोत्साहन गरिरहनु पर्ने विद्यार्थीहरुको पूर्व ज्ञान एवं अनुभवलाई शिक्षणको आधार बनाउने ।

## ३. क्रियाकलाप :

पाठयोजनाको सबैभन्दा महत्वपूर्ण भाग शिक्षण क्रियाकलाप हो । कक्षा क्रियाकलापलाई निम्नलिखित सत्र/भागमा बाँडेर सञ्चालन गर्न सकिन्छ :

### (क) सम्पूर्ण कक्षा सत्र (Whole Class Session)

यो सत्रमा शिक्षकले सबै विद्यार्थीहरुलाई एकैसाथ गराउने मुख्य क्रियाकलापहरु निम्नलिखित हुन सक्छन् :

- निर्देशन दिने वा सबै विद्यार्थीहरुलाई आफूतर्फ वा कालोपाटीमा हेर्न लागाउने समयमा यो विधि प्रयोग गर्ने,
- शैक्षिक सामग्रीहरुको रखाई एवम् व्यवस्थापन गर्ने,
- विद्यार्थीहरुले सजिलैसँग देख्नसक्ने गरी बसाई व्यवस्थापन गर्ने । जस्तैः विशेष आवश्यकता भएका विद्यार्थी भए (अपाङ्ग) उनीहरुलाई अनुकूल बसाइको व्यवस्था गर्ने,
- विद्यार्थीहरुलाई पाठप्रति उत्प्रेरणा जगाउने खालका क्रियाकलापको छनोट गर्ने । जस्तैः अघिल्लो पाठको पुनरावलोकन एवं प्रश्नहरु सोधेर, छोटो गीत, उखानटुक्का, ठट्टा आदि भनेर ।
- प्रस्तुतिमा सबैको सहभागिता भए नभएको सुनिश्चित गर्ने आदि

### (ख) समूह सत्र (Group Session)

कक्षाका सबै बिद्यार्थीहरुलाई एकैसाथ निर्देशन दिने वा सिकाइ सम्बन्धी अन्य समूह कार्य गराउन विद्यार्थी केन्द्रित शिक्षणका लागि विद्यार्थीहरुलाई सिकाइ प्रक्रियामा सक्रिय सहभागी बनाउन समूह शिक्षण क्रियाकलाप प्रभावकारी हुन्छ । यस सत्रमा गरिने मुख्य मुख्य क्रियाकलापहरु निम्न अनुसारका हुन सक्दछन्:

- शिक्षकको सहयोग एवं विद्यार्थीहरुको आफ्नै सक्रियतामा समूह विभाजन गरी सो बमोजिम समूहमा छलफल एवं समस्या समाधान गर्ने कार्य गराउने,
- प्रत्येक समूहमा १ जना समूहनेता चयन गरी समूहको नेतृत्वगर्ने, समूहमा रहेका ढिलो सिक्ने वा कमजोर साथीको सिकाइमा मद्दत गर्ने व्यवस्था मिलाउने,
- विद्यार्थीहरुले समूहमा कार्य गरिरहेका समयमा शिक्षकले सबै समूहको अनुगमन गर्ने, कुनै कुरा स्पष्ट नभएको भए समूहमा गई स्पष्ट पार्ने र समूहका सबै विद्यार्थी सिकाइ प्रक्रियामा सक्रियरुपमा सहभागी छन् भन्ने कुरा सुनिश्चित गर्ने,
- यो सत्रमा शिक्षकले सहजकर्ताको भूमिका निर्वाह गर्नु उपयुक्त हुन्छ ।



### (ग) वैयक्तिक शिक्षण सत्र (Individual Session)

सम्पूर्ण कक्षा सत्र एवं समूह सिकाइमा अपेक्षित सिकाइ हुन नसकेका बालबालिकाहरुलाई शिक्षक वा समकक्षी साथीबाट थप सहयोग उपलब्ध गराउन सकिन्छ। कुनै विद्यार्थी विशेषलाई सम्पूर्ण कक्षा वा समूह सिकाइ चलिरहेको समयमा पनि सहयोग गर्न सकिने हुन्छ। यसका लागि शिक्षकले उनीहरुलाई सहयोग पुग्ने सरल सामग्री एवं विषयवस्तुको प्रयोग गर्नसक्नुहुन्छ।

यसरी एउटा शिक्षकले कक्षा क्रियाकलापलाई ३ सत्रमा सञ्चालन गर्दा बढी समय समूह कार्य अर्थात् विद्यार्थी केन्द्रित क्रियाकलापलाई दिइनु पर्छ जसबाट सबै विद्यार्थीहरुले सिक्ने पर्याप्त अवसर प्राप्त गर्दछन्।

### ४. मूल्याङ्कन :

सबै विद्यार्थीहरुले उनीहरुको स्तर र क्षमता अनुरुप शिक्षणको उद्देश्य हासिल गरे नगरेको निश्चित गर्न निम्नलिखित उपायहरु प्रयोग गर्न सकिन्छ:

- पाठसँग सम्बन्धित मौखिक प्रश्नहरु सोध्ने र मौखिक प्रश्न नबुझ्ने जस्तै बहिराका लागि लिखित प्रश्नको व्यवस्था गर्ने,
- छोटा प्रश्नहरुको उत्तर लेख्न वा कुनै समस्याको समाधान गर्न लगाउने,
- कक्षा एवम् समूह कार्यको अवलोकन गर्ने,
- सम्बन्धित विषयमा छलफल तथा अन्तरक्रिया गर्ने/गर्न लगाई अवलोकन गर्ने,
- परियोजना कार्यको मूल्याङ्कन गर्ने आदि।

- विद्यार्थीहरुले अपेक्षित सिकाइ उपलब्धि हासिल गर्न नसकेमा आवश्यक पृष्ठपोषण प्राप्त गरी पाठको पुनर्योजना गर्नुपर्दछ।

### ५) गृहकार्य :

विद्यार्थीहरुलाई घरमा थप अभ्यासका लागि आवश्यकता अनुसार गृहकार्य पनि दिन सकिन्छ।

**शिक्षकले जहिले पनि विद्यार्थी फरक फरक हुने र उनीहरुका सिकाइका क्षेत्र एवं गतिसमेत फरक हुने तथ्यलाई आफ्नो मार्गदर्शनका रुपमा लिनु पर्ने हुन्छ।**

# खण्ड ४ : समाहित शिक्षा र अर्थपूर्ण सिकाई



## समाहित शिक्षा – सबैका लागि अनुकुल शिक्षा

- विद्यार्थीहरुमा आत्मसम्मानको विकास
- शिक्षकहरू बीच सहकार्य
- आत्म मूल्याङ्कन

# विद्यार्थीहरुमा आत्म सम्मानको विकास



बालबालिकाहरु त्यतिबेला मात्र सिक्न सक्छन् जब उनीहरु स्वयंप्रति सकारात्मक सोच राख्दछन् र आफुमा भएको क्षमताको महसुस गर्दछन् । शिक्षकले पढाउने क्रममा धेरै विद्यार्थीहरु पढ्ने र सिक्ने क्रमबाट बाहिर हुने (Cycle of exclusion) सम्भावना हुन्छ । यसको कारण कतिपय विद्यार्थीहरु आफै म यो विषयमा राम्रो छैन र म सिक्न सक्तिन भन्ने सोच राख्छन् र सिक्ने क्रमबाट बाहिर पर्न जान्छन् । यस्ता विद्यार्थीहरु कक्षामा प्रश्नको उत्तर दिन कहिले हात उठाउँदैनन् । फेरि उनीहरूले बल्ल तल्ल कक्षामा उत्तर दिएर सहभागिता जनाए पनि उनीहरूले कहिल्यै प्रोत्साहन पाउँदैनन् । न त उनीहरु कहिल्यै पुरस्कृत नै हुन्छन् । यस्तो प्रक्रियाले गर्दा उनीहरु निरूत्साहित भई सिक्ने क्रमबाट  अलग हुनपुग्छन् । यस्तो प्रक्रियाबाट शिक्षक सजग हुनुपर्छ । र साथै प्रत्येक विद्यार्थीको आत्म सम्मान बढाउन विशेष ध्यान दिनुपर्छ। आत्म अभिव्यक्तिको अवसरबाट आत्म सम्मानको वातावरण निर्माण हुन्छ । तसर्थ विद्यार्थीहरुलाई सकारात्मक अनुभव दिई उनीहरूको मनोसामाजिक व्यवहार, दृढता र आत्मविश्वास बढाउन निम्नलिखित वातावरणको सिर्जना गर्नुहोस्:


- विद्यार्थीहरुले समूहमा बसेर सहयोगात्मक ढङ्गले र प्रत्यक्ष अभ्यासमा संलग्न भई सहकार्यबाट सिक्ने अवसर पाए कि पाएनन्  यकिन गर्नुहोस्,
- सबै विद्यार्थीहरुले आ-आफ्नो क्षमता र चाहनाअनुसार विद्यालय क्रियाकलापहरुमा संलग्न भए नभएको सुनिश्चित गर्नुहोस्,
- सबै विद्यार्थीहरुलाई खुसीसाथ/हँसिलो भएर र प्रतिस्पर्धी दबावबिना सिक्ने अवसर दिइएको छ वा छैन निश्चित गर्नुहोस्,
- विद्यालयमा कुनै किसिमले होच्याउने, जिस्क्याउने जस्ता तुच्छ कार्यहरु त भइरहेका छैनन् विचार पुऱ्याउनुहोस्,
- तपाईंले कतै विद्यार्थीलाई भौतिक/शारीरिक सजाँय त दिने गर्नु भएको छैन सजग हुनुहोस्,
- तपाईंले शिक्षक र विद्यार्थी दुवैले एक अर्कालाई हेरविचार गर्ने, सम्मान गर्ने वातावरण तयार गर्नु भएको छ वा छैन सोच्नुहोस्,
- तपाईंको विद्यालयमा विद्यार्थीहरुका गुनासा सुन्ने, समस्यामा परेका र विभिन्न कारणले मानसिक तनावमा रहेका विद्यार्थीहरुलाई विशेष हेरचाह गर्ने व्यवस्था भए नभएको विचार गर्नुहोस्,
- तपाईंले प्रश्न सोद्धा कक्षाका सबै विद्यार्थीलाई समेट्ने कोसिस गर्नुहोस् र प्रश्न सबै विद्यार्थीहरुले सुने/बुझे-नबुझेको कुरो निश्चित गर्नुहोस्,

- शिक्षकले मात्र प्रश्न सोध्ने होइन कि विद्यार्थीहरुले पनि प्रश्न सोध्नु पर्छ। सबै विद्यार्थीहरुलाई पढाइएका पाठबाट प्रश्न सोध्न प्रोत्साहित गर्नुहोस् र नबुझेको भए फेरि दोहोर्‍याएर बुझाई हौसला दिनुहोस् ।

विद्यार्थीले एकअर्कालाई र शिक्षकले पनि विद्यार्थीहरुलाई पारस्पारिक महत्व दिनुपर्छ । कतिपय शिक्षकहरु साना बालबालिकाहरुसँग समूहमा कार्य गर्दा साप्ताहिक समुह चक्रको खेल खेली सहकार्य गर्छन्। यस खेलका निमित्त कुनै एक छानिएको विद्यार्थीलाई बीचमा राख्नुहोस्। अन्य सबै विद्यार्थीलाई उसका बारेमा राम्रो कुरा भन्न लगाउनुहोस्। यसरी भनिएका कुराहरु एउटा कागजमा लेखेर टाँग्नुहोस्। वर्षभरिमा हरेक विद्यार्थीलाई एक पटक यसरी बीचमा उभिने मौका दिएर उसका राम्रा पक्षहरुको सूची तयार गरी टाँसेर सबैका अगाडि विद्यार्थीहरुको आत्म सम्मान वृद्धिमा सकारात्मक प्रभाव पर्नजान्छ ।

पढ्नमा कमजोर विद्यार्थीलाई विशेष ध्यान दिनुहोस्। किनभने कमजोर विद्यार्थीहरु प्रायः निरूत्साहित र हतास हुने गर्छन् र म कहिले पनि राम्रो हुन सक्दिन भन्ने हीनता बोध गर्न थाल्छन्। यस्तो हिनताबोध धेरै कम विद्यार्थीमा मात्र हुने हुनाले त्यस्ता विद्यार्थीलाई तपाईंले ध्यान पुर्‍याउन सक्नुहुन्छ ।

> पढ्नमा कमजोर एउटा विद्यार्थीका बारेमा सोच्नुहोस्। यस्ता कमजोर विद्यार्थीहरूमा भएका राम्रा कुरा पत्ता लगाउनुहोस् र ती राम्रा कुरालाई आफ्ना क्रियाकलापमा समावेश गरेर उनीहरुलाई व्यवहारिक रुपमा विभिन्न क्रियाकलापमा संलग्न गराउने तरिका खोज्नुहोस्। उदाहरणका निम्ति कुनै विद्यार्थी विशेषरुपमा नक्शा बनाउन सिपालु होला, अर्को व्यवहारिक कार्यमा अथवा अर्कोले अभिभावकबाटै सिकेका कारण कृषि कार्यमा निपूण हुनसक्छ। तिनीहरूका यस्ता गुणहरु अरू विद्यार्थीका सामु राखिदिँदा अन्य विद्यार्थीहरुले पनि उनीहरुलाई आदर सम्मान गर्न थाल्छन् ।



## अतिरिक्त शैक्षिक सहयोग :

तपाईंका सबै विद्यार्थीहरु समान सिकाइ स्तरमा नहुन सक्छन् । कोही पढाइका केही अंश बुझ्नबाट छुटेका हुनसक्छन् अथवा अरूभन्दा ढीलो पढ्ने हुनाले कम बुझेका हुनसक्छन्। एउटा ठूलो कक्षामा हरेक बालबालिकामा ध्यान पुर्‍याउन गाह्रो हुन्छ । तथापि कहाँ कुन विद्यार्थी पछि परेका छन् र तिनलाई तपाईंले कसरी सहयोग पुर्‍याउन सक्नुहुन्छ ? सोबारे चिन्तन गर्नुहोस्। आफू स्वयंले अतिरिक्त समय दिएर हुन्छ कि अन्य विद्यार्थीको सहयोग लिएर हुन्छ, यस्ता विद्यार्थीलाई थप मद्दत गर्नुहोस्।

तपाईंको कक्षाका निमित्त अन्य स्रोत शिक्षक उपलब्ध भए उनीसँग सहकार्यका लागि आग्रह गर्नुहोस्। याद राख्नुहोस्, स्रोत शिक्षकहरु केवल विद्यार्थीलाई मात्र सहयोग दिने नभई शिक्षकलाई पनि सहयोग गर्ने व्यक्तिहरु हुन्। स्रोत शिक्षकको विशेष दक्षता र अनुभवको उपयोगका कारण पढाइमा कमजोर विद्यार्थीको आत्म सम्मानमा वृद्धि हुन थप मद्दत पुग्छ ।

## शिक्षकहरुविच सहकार्य र आत्म-मूल्याङ्कन

### क) शिक्षकहरुविच सहकार्य

समाहित शिक्षाको व्यवस्थापन कार्य कुनै एक शिक्षकको प्रयासबाट मात्र सम्भव छैन । यसको सफलताका लागि थप धेरै कुराहरुको आवश्यकता पर्दछ। यसका लागि निम्नलिखित कुराहरुमा विचार पुर्‍याउनु पर्दछ :

- सामूहिक अवधारणा– सामूहिक रुपमा सहकार्य गर्ने प्रक्रियाको थालनी,
- सम्पूर्ण शिक्षकहरुबाट आफ्नो विद्यालयलाई समाहित बनाउने कार्यमा सहयोग लिन सक्ने नेतृत्व प्रदान गर्न सक्ने एक सक्षम प्रधानअध्यापकको व्यवस्था गर्ने,



## ख) आत्म मूल्याङ्कन

आत्म मूल्याङ्कन एक प्रक्रिया हो जसको सहायताले बालबालिकाहरुले आफूले गरेका कार्य ठीक/बेठीक के हुन् सो को जानकारी प्राप्त गर्दछन् । आत्म मूल्याङ्कन गर्ने प्रक्रियाको थालनी गरेमा विद्यार्थीहरुले कहाँ राम्रो गरेका छन् र कहाँ अझै थप प्रयास गर्नुपर्ने रहेछ भन्नेबारे जानकारी लिन सक्छन् ।

विद्यार्थी र शिक्षकको संयुक्त प्रयासद्वारा निम्नानुसार आत्म मूल्याङ्कन गर्ने प्रक्रियाको थालनी गर्न सकिन्छ । आत्म मूल्याङ्कनका निमित्त गरिएका प्रत्येक क्रियाकलाप पारदर्शी हुनुपर्छ । शिक्षक र विद्यार्थी दुवैलाई प्रत्येक विद्यार्थीको प्रगतिका बारेमा प्रष्टरुपमा जानकारी पनि हुनुपर्छ ।



- समाहित शिक्षाका बारेमा जिज्ञासा राख्ने शिक्षकहरु, यसका विभिन्न पक्षबारे छलफल गर्न उपलब्ध अवसर र अवसरको सही उपयोग गर्दै पुनरावलोकन गर्ने समयको व्यवस्थापन,
- समाहित शिक्षाको व्यवस्था विद्यालयमा गर्न सम्बद्ध सबैको प्रतिवद्धताको खाँचो,
- सामुदायिक संलग्नता, स्वामित्व र आफ्नो विद्यालयलाई समाहित विद्यालयका रुपमा विकास गर्न विद्यालय परिवार र सम्वद्ध व्यक्ति र निकायको सामुहिक प्रतिबद्धता र क्रियाशीलता,
- विद्यार्थीसमेत समावेश भएको अभिभावकशिक्षक सङ्घको गठन र सो को प्रभावकारी क्रियाशीलताको व्यवस्था ।

समाहित शिक्षाका निमित्त सम्बद्ध व्यक्तिहरुको क्षमता अभिवृद्धि भएको हुनुपर्छ । यसका लागि विद्यालयका सबै शिक्षकहरुले सम्बन्धित विषयको तालिम पनि प्राप्त गरेको हुनुपर्छ । उदाहरणका निमित्त शिक्षकहरुले "शिक्षकदेखि शिक्षकसम्म" कार्यक्रमको थालनी गर्न सक्छन् । यस्तो कार्यक्रमले समाहित शिक्षाकाबारेमा ज्ञान भएका शिक्षकले अर्को यस सम्बन्धी ज्ञान नभएका शिक्षकको कक्षा कोठामा समय दिएर उनलाई यसबारे सूचनामूलक जानकारी प्रदान गर्न सक्छन् । त्यस्तै स्थानीय स्तरमा नै ज्ञान र सीप साटासाट गरेर पनि संयुक्तरुपमा काम गर्न सकिन्छ ।

एक विषय वा क्षेत्रका शिक्षकहरुले अर्को विषय वा क्षेत्रका शिक्षकको कक्षाकोठामा समय दिएर उनको कक्षा शिक्षण/व्यवस्थापन र त्यसका सबल पक्ष र सुधार्नुपर्ने (दुर्वल) पक्षमा केन्द्रित रही सहयोग पुऱ्याइएका उदाहरणहरू थुप्रै देखिन्छन् ।

आत्म मूल्याङ्कनका विधि र प्रक्रियाः

तलको तालिकामा आत्म मूल्याङ्कनका विधि,तौर तरिका (प्रक्रिया) प्रस्तुत गरिएको छः

| **आत्म मूल्याङ्कनका विधिहरु** | **आत्म मूल्याङ्कनका विशेषता एवम् तरिकाहरु** |
|---|---|
| विशेष घटनाको टिपोट गर्ने | विद्यार्थीले गरेका राम्रा कामहरुको टिपोट गर्ने । त्यस्ता कामहरुमा उनिहरुले प्राप्त गरेका उपलब्धि सबैलाई सुनाउने । उपलब्धिहरूको सूची तयार गरी अभिलेख राख्ने । |
| अन्तर्वार्ता लिने | विद्यार्थीका समस्याहरु पहिल्याउन उनीहरुसँग कुराकानी गर्नुहोस् । कुराकानी गर्ने क्रम निरन्तर गर्नुहोस । निरन्तरताको कुराकानीले उनको समस्या पहिचान गर्न मद्दत पुर्‍याउँछ । अन्तर्वार्ताले समस्याग्रस्त विद्यार्थीका लागि “उपचार” को काम गर्दछ । |
| विद्यार्थीलाई प्रश्न बनाउन लगाउने | विद्यार्थीलाई प्रश्न बनाउन लगाउनुहोस् । प्रश्न बनाउनु पनि सिकाइको महत्वपूर्ण रुप हो, जसबाट विद्यार्थीको सिकाइको स्तर निर्धारण गर्न सकिन्छ । विद्यार्थीका प्रश्नहरु सङ्कलन गरी समय समयमा तिनको समाधान गर्न लगाउनुहोस् । |
| विद्यार्थीद्धारा प्रस्तुतीकरण | विद्यार्थीका कामहरुलाई प्रस्तुत गर्न लगाउनुहोस् ।<br>प्रस्तुत भएका कामको स्तर के कस्तो छ ? विद्यार्थीहरुसँग नै सोधी मूल्याङ्कन गर्नुहोस् । |
| विद्यार्थीका खोज कार्यहरुको प्राविधिकरण | विद्यार्थीका खोज कार्यहरुलाई कुन खोज कार्य कसले वा कुन समूहले गरेको हो ? संबद्ध सबैमा प्रचार प्रसारको व्यवस्था गर्नुहोस् । |
| चुनौतीपूर्ण प्रश्नहरुको प्रस्तुति | विद्यार्थीको स्तर हेरी चुनौतीपूर्ण प्रश्नहरु दिनुहोस् । उनीहरुलाई त्यस्ता प्रश्नहरु समाधान गर्न अभिप्रेरित गर्नुहोस् । कुनकुन विद्यार्थीले कुनकुन चुनौतीपूर्ण प्रश्नहरु समाधान गरे भन्ने कुराको हेक्का राखी सम्पूर्ण विद्यार्थी माझ सो को प्रचार प्रसार गर्नुहोस् । |

माथि उल्लिखित तालिकाका केही कार्यहरु गरेर विद्यार्थीले आफ्नो मुल्याङ्कन आफै गर्न सक्छन् । शिक्षकले आफ्नो दक्षता अनुसार यस्ता अन्य थुप्रै विधिहरु अपनाएर स्वः मूल्याङ्कन गर्ने प्रक्रियालाई संस्थागत गर्ने तर्फ जोड दिनुपर्छ ।

## आत्म मूल्याङ्कन गर्दा के भूल हुनसक्छ ?

यसप्रकारको मूल्याङ्कनले भविष्य (परिणाम) निर्धारण गर्छ। यसबाट विद्यार्थीलाई भविष्य बोध हुन्छ । यस्तो मूल्याङ्कनबाट प्रगति नदेखिने विद्यार्थीहरु निराश हुनसक्छन् । त्यसैले आत्म मूल्याङ्कन प्रक्रिया विद्यार्थीको निरन्तर सिकाइ तर्फ केन्द्रित गरिनु राम्रो हुन्छ । शिक्षकले विद्यार्थीको कमी देखाउन मात्रै मूल्याङ्कन गर्नु हुन्न । कुनै विद्यार्थीले कुनै विशेष क्षेत्रमा प्रगति नगर्नुका पछाडि अन्य धेरै कारणहरू पनि हुनसक्छन् । जस्तैः विद्यार्थीलाई अरु बढी समय चाहिएको हुनसक्छ, जुन तरिकाले उसलाई पढाइयो त्यसका कारण पनि नबुझेको हुनसक्छ, विभिन्न कामले धेरैदिन विद्यालय आउन नपाएको पनि हुनसक्छ, विरामी वा मानसिक रोगका कारण पनि यथेष्ट सुधार ल्याउन नसकेको आदि आदि हुनसक्छ । तसर्थ शिक्षकले विद्यार्थीसँग सम्बन्धित सम्पूर्ण जानकारी लिएर नयाँ मूल्याङ्कनका तरिकाका बारेमा सोची कार्य गर्दा विद्यार्थीले प्रगति गर्नसक्ने सम्भावनाहरु प्रसस्त रहन्छन् भनी विचार गर्नुपर्ने हुन्छ ।

## शिक्षकले आफैंलाई सोध्नुपर्ने केही प्रश्नहरुः

- के मैले निरन्तर मूल्याङ्कन गर्ने विभिन्न पद्धतिहरु उपयोग गर्ने गरेको छु ?
- के मैले मूल्याङ्कनका परिणामहरु हेरेर आफू सही भए नभएको छुट्याउने कार्य गरें ? मैले कसरी आफ्नो मूल्याङ्कन गर्ने तरिकामा परिवर्तन गर्न सक्छु भनेर विचार गर्ने गरेको छु ?
- के विद्यार्थीको प्रगतिको लक्ष्य निर्धारण गर्न उनीहरुको संलग्नताको अनुगमन पनि गर्ने गरेको छु ?
- कुनै विद्यार्थीलाई परेको अप्ठ्यारोमा मैले तिनीहरुसँग बसी कुरा गर्ने, नजिकबाट तिनलाई बुझ्ने प्रयास गरेको छु ?
- के मैले विद्यार्थीलाई तिमीहरुले आफूलाई अरूसँग दाँजेर नहेरी आफू हिजो कुन अवस्थामा थियौ र अहिले कुन अवस्थामा पुग्यौ भनेर शिक्षक र विद्यार्थी दुवैको योगदान विद्यार्थीहरुलाई स्पष्टसँग बुझाउन सकेको छु ?
- के मैले सँधै विद्यार्थीहरुका राम्रा पक्षमा ध्यान दिनका साथै उनीहरु के अप्ठ्यारोमा परिरहेका छन् भन्ने कुरामा पनि निरन्तर विचार पुऱ्याउन सकिरहेको छु ?



# खण्ड ५ : शैक्षिक लेखाजोखा तथा समाहित पाठ्यक्रम



समाहित शिक्षा – सबैका लागि अनुकुल शिक्षा

- शैक्षिक लेखाजोखा
- समाहित पाठ्यक्रम

## शैक्षिक लेखाजोखा के हो ?

- यो सिकाइको लागि विद्यार्थीमा निहित सबल पक्ष र सुधार गर्नुपर्ने (कमजोर) पक्षको निर्धारण गर्ने प्रक्रिया हो,
- यसले विद्यार्थीद्वारा प्रदर्शित व्यवहारको अध्ययन गरेर वा विद्यार्थीसँग सम्बन्धित पक्षबाट प्राप्त सूचनाको विश्लेषण गरेर विद्यार्थीको शैक्षिक स्थान पत्ता लगाउँछ,
- यसले विद्यार्थीले सबैभन्दा सजिलोसँग सिक्न सक्ने बाटोको पहिचान गर्दछ,
- यसले शिक्षकलाई विद्यार्थीको वर्तमान सिकाइ अवस्थाका आधारमा थप सिक्नसक्ने सम्भावनाका लागि मार्ग निर्देश गर्दछ,
- यसले बालबालिकाका लागि पाठ्यक्रमले अपेक्षा गरे बमोजिमको सिकाइ उपलब्धि हासिल गर्न ऊ स्वयं तयारी अवस्थामा छ छैन भन्ने कुराको अग्रिम जानकारी दिन्छ,
- यसले विद्यार्थीको वैयक्तिक आवश्यकता अनुकूल हुने शिक्षणविधि, शैक्षिक सामग्री र मूल्याङ्कनका लागि उपयुक्त साधनको छनोट एवं प्रयोगमा मार्ग निर्देश गर्दछ,
- यसले विद्यार्थीको निरन्तर मूल्याङ्कन गर्नका लागि विद्यार्थीसँग सर्वपक्षीय सूचनाको सङ्कलन र विद्यार्थीको वास्तविक मूल्याङ्कनका लागि साधन एवं सूचक तयार गर्न सहयोग पुऱ्याउँछ,
- यसले विद्यार्थीको वैयक्तिक क्षमताको अध्ययन गरेर उसका लागि बेग्लै कार्यक्रम छनोट गर्ने आधार प्रदान गर्दछ,
- यसले विद्यार्थीले भोग्दै आएका समस्या एवं कठिनाइहरु पत्ता लगाउन सहयोग पुऱ्याउँछ,
- यसले तलका कुराहरु पत्ता लगाई थप शैक्षिक निर्णय गर्न सहयोग पुऱ्याउँछ :

☞ बालबालिकाहरुले पहिले नै के सिकिसकेका छन् ?
☞ अब के सिक्न आवश्यक छ ?
☞ थप सिकाइका लागि पहिला के सिक्नु आवश्यक छ ?
☞ सिकाइको क्षमताको विकास गर्न कसरी मद्दत गर्न सकिन्छ ?
☞ राम्रो सिकाइको वातावरण कहाँ हुन सक्छ ?
☞ राम्रा जीवनोपयोगी कुरा सिकाउन कसले सहयोग गर्न सक्छ ?
☞ कस्ता किसिमका पूरक सामग्री र उपकरणको आवश्यकता पर्दछ ?
☞ लेखाजोखा कसले गर्नसक्छ ? आदि ।

### (क) विद्यालय

समाहित एवं बालमैत्री विद्यालयमा विद्यार्थीका वैयक्तिक आवश्यकतालाई उच्च महत्वका साथ हेरिन्छ । विद्यार्थीको लेखाजोखाका लागि विद्यालयले देहाय बमोजिमको व्यवस्था मिलाउनु पर्दछ:



- भर्नाका समयमा बालबालिकाका सम्पूर्ण सूचनाहरु सङ्कलन गर्न सक्ने गरी फारामहरु तयार गर्ने,
- बालविकास चार्टको आधारमा बालबालिकाले गर्नसक्ने र नसक्ने कामको विवरण तयार गरी सबै शिक्षकहरुले जानकारी राख्ने र सोका आधारमा निरन्तर लेखाजोखा गर्ने,
- बालबालिकाका ज्ञानेन्द्रियहरु र कर्मेन्द्रियहरु सिकाइका लागि अनुकूल छन् छैनन् परीक्षणको व्यवस्था मिलाउने,
- लेखाजोखाका लागि काम गर्ने विशेष शिक्षा लेखाजोखा केन्द्र तथा अन्य विज्ञहरुको सहयोग लिने,
- बालाबालिकाका लागि वैयक्तिक लेखाजोखा अभिलेख फाइल राख्ने व्यवस्था मिलाउने,
- प्रत्येक बालबालिकाका सिकाइका सवल र दुर्वल पक्षहरु लगायतका कुराहरु फाइलमा समावेश गर्ने,
- बालबालिकाको प्रारम्भिक लेखाजोखाका आधारमा कुनै बालबालिकालाई थप प्राविधिक कुरामा लेखाजोखा गर्नुपर्ने भएमा विशेष शिक्षा लेखाजोखा केन्द्रमा सम्पर्क राख्ने,
- बालबालिकाको लेखाजोखा गर्ने तरिका र त्यसबाट प्राप्त हुने नतिजाका विषयमा विद्यालय व्यवस्थापन समिति र शिक्षक स्टाफहरुका बीचमा छलफल गरी कार्ययोजना तयार गर्ने,
- वैयक्तिक लेखाजोखा गर्दा आइपर्ने विभिन्न कठिनाइहरूका बारेमा शिक्षक स्टाफहरुसँग सामूहिक छलफल गर्ने,
- विद्यार्थीहरुले प्राप्त गरेका उल्लेखनीय कार्यलाई लेखाजोखाका आधार बनाउने ।

### (ख) विशेष शिक्षा लेखाजोखा तथा सहयोग केन्द्र

समाहित शिक्षा तथा विशेष शिक्षा कार्यक्रम लागू भएका ४७ जिल्लामा लेखाजोखा तथा सहयोग केन्द्र सञ्चालन भइरहेका छन् । यी केन्द्रले देहाय अनुसारका काममा सहयोग गर्नसक्दछन्:

- विशेष आवश्यकता भएका अपाङ्ग बालबालिकाहरुको अपाङ्गताको किसिम र मात्रा पत्ता लगाउन छनोट तथा लेखाजोखा गर्ने,
- बालबालिकाका विद्यमान अवस्थाका आधारमा अपाङ्ग बालबालिकाका लागि सञ्चालित स्रोतकक्षा वा अन्य विद्यालयमा सिफारिस गर्ने,
- बालबालिकाहरुलाई कसरी पढाउन उपयुक्त हुन्छ भन्ने विषयमा अभिभावक एवं अन्य शिक्षकहरुलाई उचित सरसल्लाह प्रदान गर्ने,
- जिल्लामा भएका लेखाजोखा गर्न सक्ने तालिम प्राप्त स्रोतशिक्षकहरु र अन्य विज्ञहरुको सूचना सङ्कलन गर्ने र आवश्यकता अनुसार उनीहरुसँग समन्वय र सहयोग आदानप्रदान गर्ने,
- बालबालिकाहरुको सर्वपक्षीय लेखाजोखा तथा उनीहरुलाई पुऱ्याउनुपर्ने सहयोगका लागि विद्यालयका प्र.अ., शिक्षकहरुसँग छलफल गरी उचित सरसल्लाह प्रदान गर्ने ।


### (ग) गैर सरकारी संघसंस्था वा विज्ञ

कतिपय जिल्लाहरुमा अपाङ्गता भएका बालबालिकाहरु, छात्रा, दलित, जनजाति समुदाय र द्वन्द्व पीडितहरुका लागि गैरसरकारी संघसंस्थाहरुले उल्लेखनीय काम गरिरहेका छन् । आफ्नो जिल्लामा रहेका यस किसिमका स्रोतहरुलाई बालबालिकाको लेखाजोखा गर्न तथा पेशागत सहयोग उपलब्ध गराउन आवश्यक पहल गर्न सकिन्छ :

⇒ गै.स.स. लाई आफ्नो विद्यालयमा रहेका विद्यार्थीहरुको विवरण उपलब्ध गराउने र लेखाजोखा तथा सहयोगका लागि विद्यालयमा आमन्त्रण गर्ने,

⇒ विद्यालयीय कार्यक्रममा स्रोतव्यक्तिका रुपमा आमन्त्रण गर्ने,

⇒ पाठ्यक्रमले अपेक्षा गरे जस्तै शैक्षिक उपलब्धि हासिल गर्न नसक्ने विद्यार्थीहरुका लागि वैकल्पिक कार्यक्रमको छनोट तथा कार्यान्वयनका लागि अनुरोध गर्ने, छनोट, लेखाजोखा तथा त्यसबाट प्राप्त हुने नतिजा अनुसार विद्यालय र सम्बन्धित संघसंस्थाले साझेदारीमा काम गर्ने संयन्त्र विकास गर्ने,



हामी सम्पूर्ण पाठ्यवस्तुको सूची परिवर्तन गर्न सक्तैनौ । पाठ्यक्रममा विद्यार्थीहरुका व्यक्तिगत विभिन्नतालाई ख्याल गरी उनीहरुका आवश्यकता अनुसार सीप सिकाइका विभिन्न बालमैत्री क्रियाकलापहरु समावेश गर्नुपर्ने हुन्छ । पाठ्यक्रममा जुन प्रकारबाट पाठ्यतालिका/पाठ्यवस्तु प्रस्तुत गरिएका छन् तिनलाई हामीले विद्यार्थीहरुका व्यैयक्तिक आवश्यकताअनुसार फेरबदल गरी बढी समायोजन (समाहित) गर्दै विद्यार्थीका खास खास समस्याहरुमा केन्द्रित गर्न भने सक्छौं ।



समाहित शिक्षा भन्नाले : विद्यालय बाहिर रहेका बालबालिकालाई विद्यालयमा समावेश हुन सहायता गर्नु मात्र नभएर विद्यालयलाई नै समाहित विद्यालय बनाउनु हो । सबै विद्यार्थीमा रहेको "यिनीहरु हामी जस्ता होइनन्" भन्ने सोचाइमा परिवर्तन ल्याई विद्यालय बाहिर रहेका बालबालिकाहरुप्रति सकारात्मक व्यवहार विकसित गर्नु अर्को महत्वपूर्ण उद्देश्य हो ।

शिक्षकले शिक्षणीय विषयवस्तुलाई समाहित शिक्षा सापेक्ष तुल्याउनुपर्ने हुन्छ । यसकार्यमा सहयोग पुऱ्याउने उद्देश्यले तपाई शिक्षक मित्रहरुले प्रयोग गर्नका लागि निम्नानुसार रूजु सूची दिइएको छ:

- "तपाईं कुनै पाठ्यसामाग्री प्रयोग गर्नुहुन्छ अथवा कुनै उदाहरण दिनुहुन्छ भने त्यसले सबै किसिमका विद्यार्थीहरुलाई सम्बोधन गर्छ भनेर ढुक्क हुनुहुन्छ ?" उदाहरणका निम्ति के तपाईसँग बालक सँगसँगै बालिका, भिन्न जात, संस्कृति, वर्ग र अपाङ्गहरु आदिका चित्र र समावेशी शैक्षिक सहयोग गर्न मद्दत पुऱ्याउने उदाहरण छन् ?
- "के तपाईंले विद्यार्थीहरुका सांस्कृतिक भिन्नतालाई हृदयबाटै प्रशंसा गर्नुहुन्छ ?" उदाहरणका निम्ति के तपाईं भिन्न जात, धर्म र संस्कृति भएका बालबालिकालाई उनीहरुका विभिन्न चाडपर्व, संस्कार, संस्कृतिका बारेमा बोल्ने अवसर प्रदान गर्नुहुन्छ ?
- "के तपाईं कहिलेकाही आफ्नो वरपर पाइने सामग्रीहरू कक्षाकोठामा ल्याउन विद्यार्थीहरुलाई आग्रह गर्नुहुन्छ ?" उदाहरणका निम्ति उनीहरुको धर्म र संस्कृति दर्शाउने कुनै वस्तु वा चित्र आदि ।
- "के तपाईं पाठ्यक्रममा समावेश भएका विषयवस्तुको महत्व बुझाउन कहिलेकाही स्थानीय गाउँठाउँ र वातावरणलाई उपयोग गर्नुहुन्छ ?" उदाहरणका निम्ति के तपाईंले कहिलेकाही स्थानीय क्षेत्र भ्रमणको व्यवस्था गर्नुहुन्छ ? यदि तपाईंले सामाजिक विषय शिक्षण गरिरहनु भएको भए स्थानीय क्षेत्रका सूचना सङ्कलन गराउने गर्नुभएको छ ? यदि इतिहास विषय शिक्षण गर्दै गर्नुभएको भए गाउँका सबै जात, वर्गका बूढापाकासँग गाउँ पहिले कस्तो थियो र गाउँमा हाल भएका परिवर्तनहरुका बारेमा तुलनागरी छलफल गराउने गर्नुभएको छ ?
- "पाठ्यक्रममा समावेश गरिएका विषयवस्तुमा समाहित शिक्षाका विषयहरु समावेश गर्नसकिने उपायहरूका बारेमा विचार गर्नुभएको छ ?" उदाहरणका निम्ति तपाईंले साना बालबालिकाहरुलाई अपाङ्गताका बारेमा अभिनय गर्न लगाउन सक्नुहुन्छ । तिनीहरुलाई जोडीमा कसैलाई बहिराको, कसैलाई दृष्टिविहीनको र कसैलाई शारीरिक अपाङ्गको रुपमा अभिनय गर्न लगाउन सक्नुहुन्छ । अन्य बालबालिकाहरुलाई तिनीहरुसँगै पसलतिर जान सघाएको अभिनय गर्न लगाउनुहोस् । त्यसपछि अपाङ्गहरूप्रति हाम्रा सोच र व्यवहारका बारेमा तिनीहरूसँग छलफल गर्दै अपाङ्गहरुसँग कसरी विभिन्न तरिकाबाट आफ्ना कुराहरु राख्न सकिने रहेछ भन्ने बुझाउनुहोस् । युवा विद्यार्थीहरुलाई दलितहरुमाथि भइरहेका अत्याचार र भेदभावका बारेमा छापिएका अखबारका पानाहरु सङ्कलन गरेर कक्षामा ल्याउन लगाउनुहोस् र विद्यार्थीहरुलाई अखबारमा छापिएका उक्त विषयका बारेमा छलफल गर्न लगाउनुहोस् । यदि यसप्रकारको भेदभाव उनीहरूका गाउँमा पनि भइरहेको भए त्यसलाई रोक्न के कस्तो पहल गर्न सकिन्छ ? सोच्न लगाउनुहोस् । त्यस्तै अर्को उदाहरणमा वनभोज, विभिन्न धार्मिक, सांस्कृतिक कार्यक्रम र चाडपर्वमा सबै किसिमका बालबालिकाहरुलाई सहभागी गराउने गरी कार्यक्रमको व्यवस्था गर्नसक्नुहुन्छ ।

# खण्ड ६ : समाहित बिद्यालय : योजना तथा व्यवस्थापन




समाहित शिक्षा – सबैका लागि अनुकुल शिक्षा

- बिद्यालय योजनामा समाहित शिक्षा
- बिद्यालय ब्यवस्थापन समिति

## विद्यालय योजनामा समाहित शिक्षाः

आजकाल हरेक विद्यालयले आफ्नो विद्यालयको दीर्घकालीन सोचसहित विद्यालय सुधार योजना बनाइसकेका छन् । समाहित शिक्षाको मूल्य, मान्यता बमोजिम विद्यालय योजनामा समेट्नुपर्ने बुँदाहरु यसमा समेट्ने प्रयास गरिएको छ ।



विद्यालयमा बन्ने सबै योजनामाः
“विद्यालय सेवाक्षेत्र भित्रका सबै- बालबालिकालाई उनीहरुको क्षमता अनुसार रमाइलो र सुरूचीपूर्ण वातावरण तयार गरी सिकाउने” भन्ने आशय प्रतिबिम्बित भएको हुनुपर्छ ।

**विद्यालयले समाहित शिक्षा पद्धति अनुकुल योजना, कार्यक्रम तथा क्रियाकलाप तर्जुमा गर्दा ध्यान दिनुपर्ने मुख्य विषयहरु निम्नलिखित हुन सक्छन्ः**

१ विद्यालयमा रहेका समाहित शिक्षाका अवरोधहरु पहिचान गर्ने र हटाउने उपायहरू सुझाउने

२ विद्यालयका सबै कार्यक्रम तथा क्रियाकलापहरुमा छात्राहरुलाई सक्रिय सहभागिताका लागि प्रेरित गर्ने,

३ छात्राहरुको विशेष समस्या बुझ्ने र समाधानका लागि आवश्यक पहल गर्ने,

४ दलित बालबालिकाहरु लगायतका सबैलाई बिना भेदभाव शिक्षणसिकाइ क्रियाकलापमा सहयोग उपलब्ध गराउने,

५ विद्यालय वातावरणभित्र विभेदजन्य व्यवहार एवम् भाषाको प्रयोग निषेध गर्ने,

६ अपाङ्ग बालबालिकालाई अपाङ्गता अनुकूल शिक्षण विधिको प्रयोग गर्ने र सोसम्बन्धी थप तालिमका लागि जिल्ला शिक्षा कार्यालय मार्फत् विभागमा माग गर्ने,

७ विद्यालय छाड्ने अवस्थालाई नियन्त्रण गर्न तत्काल निम्नानुसार गर्ने,

- कक्षाकोठा रमणीय, आकर्षक र सुरूचिपूर्ण बनाउने,
- शिक्षणविधि, सामग्रीको प्रयोग विद्यार्थी अनुकूल बनाउने,
- विद्यार्थीलाई शारीरिक तथा मानसिक दण्ड नदिने,
- विद्यालय वातावरणको सुधार गर्ने,
- अभिभावकहरुलाई परामर्श सेवा प्रदान (counseling) गर्ने,

८ अपाङ्ग विद्यार्थीलाई शिक्षण गर्ने काममा सहयोग गर्ने संघ/संस्थासँग समन्वय गरी स्रोत जुटाउने,

९ छोराछोरी विद्यालय नपठाउने अभिभावकलाई घरदैलो कार्यक्रममा सहभागी गराई चेतना अभिवृद्धि गर्ने,

१० गरिब बालबालिकाहरुलाई सहयोग गर्न छात्रवृत्ति, शिक्षाका लागि खाद्य कार्यक्रम परियोजना र अन्य संघ संस्थाको सहयोग लिने,

११ समाहित शिक्षाका लागि अभिभावकहरुसँग आवश्यक छलफल गरी सुझावहरु सङ्कलन गर्ने । विद्यालयमा सुधार गर्नुपर्ने पक्षको पहिचान गरी तिनको प्राथमिकता क्रम तोकेर कार्यान्वयनमा जोड दिने ।

तपाईं पनि विद्यालयका लागि योजना बनाउँदै हुनुहुन्छ वा निर्मित योजनालाई सुधार गर्दै हुनुहुन्छ भने देहायका बुँदाहरु समेतमा ध्यान दिनुहोस :

(क) के तपाईंको योजनामा विद्यालय आइसकेका बालबालिकाहरुलाई विद्यालयप्रति आकर्षित गरिरहने बालमैत्री विद्यालय वातावरणको विकासमा जोड दिइएको छ ?

(ख) के योजनामा सबै किसिमका बालबालिकालाई सोचेर उनीहरुका आवश्यकतालाई सम्बोधन गर्ने कार्यक्रम समेटिएको छ ?

(ग) विद्यालय वातावरण, कक्षाकोठा, शिक्षक/स्टाफका दृष्टिकोण, शिक्षणयोजना, शिक्षणविधि, सामग्री व्यवस्था तथा प्रयोग जस्ता विषयलाई सबै बालबालिकाका लागि अनुकूल बनाउन अवरोध पुऱ्याउने पक्षको पहिचान गरिएको छ ?

(घ) के तपाईंको योजनामा विद्यालय आएर पनि राम्रोसँग शैक्षिक उपलब्धि हासिल गर्न नसकेका बालबालिकाहरुको अवस्था पहिचान गरी उनीहरुका लागि अन्य वैकल्पिक कार्यक्रम छनोट गर्ने विषय समाहित भएको छ ?

(ङ) के तपाईंको योजनामा स्थानीय समुदायको स्वामित्व र संलग्नता बढाउने विषय समेटिएको छ ?

(च) के तपाईंका योजना विद्यालयमा अध्ययन गर्ने अपाङ्ग बालबालिकासमेतका लागि अनुकूल छन् ? अर्थात् अपाङ्गता अनुकूल हुने थप योजना एवम् दृष्टिकोण राखिएको छ ?

(छ) के विद्यालयको योजना लैङ्गिक समविकासका धारणाप्रति संवेदनशील छ ?

(ज) के योजनामा सामाजिकरुपले पिछडिएका समुदायका बालबालिका, नेपाली बाहेक अन्य मातृभाषी बालबालिकाहरुलाई गर्ने सहयोग विषयमा कुनै दृष्टिकोण तयार भएको छ ?

(झ) के योजनाले विद्यालयमा दलित बालबालिकाहरुलाई बिना भेदभाव अन्तर्निहित प्रतिभाको प्रष्फुटन तथा सर्वपक्षीय विकासको सुनिश्चित गरेको छ ?

(ञ) के तपाईंको योजनाले स्थानीय तहमा कुनै पनि कारणले उपेक्षित बन्न पुगेको वर्गलाई समाहित गर्ने लक्ष्य तथा कार्यक्रमहरू समावेश गरेको छ ?

हामीले यस अघिका शीर्षक तथा उपशीर्षकहरुमा समाहित शिक्षाका विभिन्न पक्षहरूबारे व्याख्या भएको पायौं । अब हामीलाई यसबाट समाहित शिक्षाका निमित्त धेरै काम गर्नुपर्ने रहेछ भन्ने अनुभूति हुनसक्छ । हामीमा विकसित सोचाइले मात्र सम्पूर्ण परिवर्तन एकै साथ गर्न सकिन्न । यसका निमित्त विभिन्न क्षेत्रलाई प्राथमिकीकरण गरी कार्ययोजनामा तिनलाई समावेश गर्दै लैजानुपर्छ । यसका लागि तलका बुँदाहरूमा ध्यान दिनु सान्दर्भिक हुन्छः

- समाहित शिक्षाका लागि आधारभूत सर्वेक्षण गर्ने काम सुरू गर्नुहोस्,
- तपाईं भौतिक संरचनामा सुधार गर्ने कुरालाई पहिलो प्राथमिकतामा राख्न सक्नुहुन्छ । जस्तैः बालबालिकाहरुका लागि पर्याप्त हुने शौचालय निर्माण, अपाङ्गता अनुकूल शौचालय निर्माण/फर्निचर व्यवस्था आदि,
- समुदायसँग मिलेर अझ कसरी प्रभावकारी शिक्षा दिने भन्ने विषयलाई प्राथमिकतामा राख्नुहोस्,
- आफ्ना सहकर्मीलाई तालिम र क्षमता अभिवृद्धिद्वारा कसरी अझ बढी सक्षम र उत्तरदायी बनाउने भन्ने विचार गर्नुहोस्
- यसका साथसाथै योजना निर्माणका लागि तपाईंलाई कसकसले सहयोग गर्न सक्छन् भन्ने कुरा पनि सोच्नुपर्ने हुन्छ जस्तैः
- समुदायका नेतृत्व वर्ग,
- अन्य विद्यालयका शिक्षक/स्रोतव्यक्ति,
- जिल्ला शिक्षा कार्यालयको जनशक्ति
- स्वयम् सेवकहरु, आदिको सूची तयार गरेर ।

जब तपाईं कसले सहयोग गर्न सक्छन् भन्ने सोच्नुहुन्छ, त्यत्तिबेला उपेक्षित समुदायका बालबालिकाहरुलाई नबिर्सिनुहोस् । उपेक्षित हुँदा कस्तो महसुस हुन्छ भन्ने कुरा बुझाउन उनीहरु जति उपयुक्त उदाहरण हुदैन। यसका साथै तिनलाई कसरी योजनामा समावेश गर्न सकिन्छ भन्ने सन्दर्भमा समेत उचित सल्लाह पनि अरूलेभन्दा तिनै बालबालिकाले राम्ररी दिन सक्छन् ।

हामीले धेरै स्वर्णिम योजनाहरु प्रभावकारी कार्यान्वयनका अभावमा दराजमा थन्किएका सुनेका छौं । तसर्थ तपाईंले आफ्नो कार्ययोजना तयार गरे पश्चात् त्यसको सफल कार्यान्वयन तर्फ लाग्नु पर्दछ । कार्ययोजनाको सफल कार्यान्वयन प्रभावकारी अनुगमन गरेर गर्न सकिन्छ । तसर्थ अनुगमन कसरी गर्ने भन्ने बारे पनि उत्तिकै महत्वका साथ सोच्नु पर्दछ ।

हाल नेपालका केही विद्यालयहरूले आफ्ना विद्यालय सुधार योजनामा समाहित शिक्षा अनुकूल कार्ययोजना पनि तयार गरिसकेका छन् । यसबाट समाहित विद्यालयको बृहत् योजनामा मूलप्रवाहीकरण भई नियमित अनुगमन प्रणाली भित्र पर्न गएका कारणबाट यस्ता योजनाहरु उपलब्धिमूलक बन्दै गएको देखिन्छ ।



समाहित शिक्षाका मान्यता अनुरुप विद्यालयको विकास गरी "सबैका लागि" विद्यालय बनाउन विद्यालय व्यवस्थापन समितिको गठन स्थानीय सामाजिक संरचना बमोजिम सबै क्षेत्र, वर्ग तथा समूहको प्रतिनिधित्व गर्ने खालको हुनुपर्दछ ।

## विद्यालय व्यवस्थापन समितिबारे ध्यान पुऱ्याउनुपर्ने केही बुदाँहरु :

यसका प्राथमिकतामा के के पर्छन् ?

- के यसले समाहित शिक्षाका बारे छलफल गर्ने गर्छ ?
- के यसले स्थानीय सम्पूर्ण बालबालिका विद्यालय जाऊन् भन्ने चासो राख्छ ?
- के सबै विद्यार्थीले समान अवसर पाउनुपर्छ भन्नेबारे यसले सरोकार राखेको छ ?

यसको सदस्यता कस्तो छ :

- तपाईंको विद्यालय व्यवस्थापन समितिमा को को छन् ? के यसमा महिला, दलित, जनजाति र अपाङ्गहरुको सहभागिता छ ?
- यसमा प्रतिनिधित्व नाम मात्रको छ कि सबै सदस्यहरुको विचारलाई महत्व पनि दिइन्छ ?

यसका क्रियाकलाप कस्ता छन् ?

- बैठकमा को बढी बोल्छन् ?
- के सबैलाई बोल्ने पर्याप्त मौका दिइन्छ वा कुनै एक व्यक्तिको मात्र बैठकमा प्रभुत्व रहेको छ ?
- के समुदायका सबैको सरोकारको सुनुवाइ भएको छ ?

केही व्यक्ति वा समूहका निमित्त औपचारिक बैठक असजिलो हुन्छ । के तपाईंको विद्यालय व्यवस्थापन समितिले त्यसको विकल्प खोजेको छ ? छ भने उपेक्षित वर्गको कुरा सुनुवाइ हुने वातावरणको सिर्जना भएको छ ? उदाहरणका निमित्त महिलासँग पानी भर्ने पँधेरो/कुवामा तथा कृषकहरुसँग खेतबारीमा नै गई उनीहरुका कुरा राख्न लगाउने र सुन्ने गर्न सकिन्छ ।

## अभिभावकको संलग्नता

घरायसी वातावरण शिक्षा आर्जन गर्ने महत्वपूर्ण ठाउँ मानिन्छ । उपयुक्त र आवश्यक घरायसी सहयोग बिना बालबालिकालाई आफू अरू सरह सफल हुन सक्छु र अरू सरह बन्न सक्छु भन्ने आत्म विश्वासको विकास गर्न गाह्रो हुन्छ । यसबाहेक महिला समूह, बाल/यूवा कृषक समूह, क्लव, अनौपचारिक शिक्षाका कक्षाका सहभागीहरुलाई पनि समेटेर यसबारे छलफल गर्न सकिन्छ ।

अभिभावकको रूपमा तपाईंले तलका कुराहरूलाई ध्यान दिनुपर्दछ :

- आफ्ना सबै बालबालिका– छोरी, अपाङ्गलाई, छोरा वा साङ्ग सरह बराबरी महत्व दिनु हुन्छ ?
- बालबालिका/छोराछोरीबीच भेदभाव गर्नुहुन्छ भन्ने कुरा उनीहरुको पठनपाठनमा गरेको सहयोगबाट झल्कन्छ ? उदाहरणका निमित्त के बालिकाहरु पनि बालकहरु सरह "गृहकार्य" गर्न उत्तिकै समय पाउँछन् वा के छोराले पनि दिदी वा बहिनीलाई घरायसी काममा मद्दत गर्ने गरेका छन् ?
- के तपाईं आफ्ना बालबालिकालाई आफू सक्षम छु भन्ने भावना जगाउन र सकारात्मक सोच राख्न बारम्बार मद्दत /प्रोत्साहन दिनु हुन्छ ?



- के तपाईं उनीहरुलाई "गृहकार्य गर्न" मद्दत पुऱ्याउनु हुन्छ- वा अन्य व्यक्तिको मद्दत लिएर तिनलाई सहयोग गर्ने गर्नुहुन्छ ?
- के तपाईं उनीहरुलाई पढ्न सजिलो होस् भनी समय तालिका बनाएर सहयोग गर्नुहुन्छ ?
- के तपाईं आफ्ना बालबालिकाको उपलब्धिप्रति गौरवान्वित हुनुहुन्छ ? हुनुहुन्छ भने तपाई उनीहरुका साना ठूला उपलब्धिको प्रशंसा गरी उनमा क्षमता भएको महसुस गराउनु हुन्छ ?
- सबैभन्दा महत्वपूर्ण कुरा के हो भने तपाईं आफ्ना बालबालिकाको भनाइ सुन्ने गर्नुहुन्छ र उनीहरुलाई अप्ठ्यारो परेका बेलामा मद्दत गर्ने गर्नुहुन्छ ?



## बाल क्लबको संलग्नता

समाहितताको समस्या बालबालिका स्वयंले नै उठाउन सकून् भन्नाका निमित्त बाल क्लव महत्वपूर्ण हुन्छ। यस्ता बाल क्लबहरुले ध्यान पुऱ्याउनु पर्ने केही विचारणीय बुँदाहरू यस्ता छन्:

- के बाल क्लबका सदस्यहरु समावेशी आधारमा छानिएका छन् ? के तपाईंको क्लबमा दलित, जनजाति, बालिका र अपाङ्ग बालबालिका समावेश छन् ?
- यदि छैनन् भने बाल क्लबले कसरी तिनलाई सदस्य बनाउन सक्छ ?
- के सबै बालबालिकाहरु बाल क्लवले आफूहरुलाई स्वागत गरेको र आफ्ना कुराहरुको सुनुवाइ हुनेमा विश्वस्त छन् ?
- नेतृत्व र जिम्मेवारी बाँडफाँड गर्दा क्लबले समाहित दृष्टिकोण अपनाएको छ ?
- के क्लबले सामाजिकरुपमा उपेक्षित भएर विद्यालय आउन नसकेका बालबालिकाको खोजी र तिनलाई सहयोग गर्ने उपायहरुबारे सोच्दछ ?
- बाल क्लबका क्रियाकलापमा समाहित शिक्षा विषय समावेश गरिने गरिएको छ ? उदाहरणका लागि समाहित शिक्षा बारे सड्क नाट्कको आयोजना गरेर ।

## जुनियर रेडक्रस, स्काउट

यी संस्थाहरू पनि विद्यालयमा क्रियाशिल भैरहेका छन्। यी संस्थाहरुले विद्यालयमा जनचेतना अभिवृद्धि कार्यक्रमका माध्यमबाट भेदभाव जन्य व्यवहारहरु हटाई विद्यालय तथा समुदाय दुवैलाई समावेशी सिद्धान्तका आधारमा सबैका लागि स्वागत र सम्मान योग्य बनाउन सहयोग गर्न सक्छन् । तर महत्वपूर्ण कुरा यी संस्थाहरु आफैंमा समावेशी हुनु आवश्यक छ।

## समुदायको संलग्नता

शिक्षाको विकासका निमित्त समुदायको संलग्नता र सहकार्य महत्वपूर्ण कुरा हो । समुदाय र विद्यालय सरोकार समूहको सहकार्यबाट तलका लाभहरू सुनिश्चित गर्न सकिन्छ :

- विद्यालय सञ्चालनमा आवश्यक विज्ञता (Expertise), समर्थन र स्रोतहरु उपलब्ध हुन्छ,
- नीति निर्माण र कार्यान्वयनमा सहजता प्राप्त हुन्छ,
- विद्यालय व्यवस्थापनमा प्रजातान्त्रिक परिवेश निर्माण भई विद्यालयमा प्रजातान्त्रिक/लोकतान्त्रिक वातावरण कायम हुन्छ,
- विद्यालयको सामुदायिक स्वामित्वका कारण सामाजिक दायित्वको अभिवृद्धि हुन्छ,
- स्थानीय समुदायले समाहित शिक्षाको सिद्धान्त अनुरुप शैक्षिक अवसरबाट बञ्चित भएका वर्गहरुलाई समावेश गर्ने प्रयास हुँदै जान्छ,
- स्थानीय समुदायलाई शिक्षाबाहेकका अन्य हित, सरोकार र सुरक्षाका विषयसमेतमा पनि छलफल र सहभागिताका अर्थपूर्ण आधारहरु निर्माण हुन्छन्,
- विद्यालय सुधार योजनाको तयारीमा सहभागी भई स्थानीय शैक्षिक सरोकारका मुद्दाहरुलाई समावेश गर्न पहल हुनेछ,
- स्थानीय स्तरका समाहित शिक्षासँग सम्बन्धित सबै मुद्दाहरुको पहिचान भई सो समाधानका उपायहरुको जानकारी प्राप्त हुन्छ ।

कुनै पनि बालबालिकालाई शैक्षिक अवसरबाट बञ्चित नगरौं ।

बालबालिकाका बैयक्तिक भिन्नतालाई सम्मान गरौं ।

समुदायको संलग्नता र स्वामित्वलाई बढाऔं ।

विद्यालयलाई बालमैत्री बनाऔं ।

शिक्षा तथा खेलकुद मन्त्रालय
समाहित शिक्षा शाखा
सानो ठिमी, भक्तपुर, काठमाडौं, नेपाल

युनेस्को काठमाडौं
पोष्ट बक्स नं. १४३९१, जावलाखेल, ललितपुर
काठमाडौं, नेपाल
फोन नं. ९७७-१-५५५४-३९६/७६९
फ्याक्स : ९७७-५५५४-४५०
ईमेल : kathmandu@unesco.org
वेभसाईट : unesco.org/kathmandu

ISBN: 978-9937-8177-1-4